# धर्मकीर्ति

## THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



## कार्तिक पूर्णिमा

बुद्धगुण स्मरण

DHARMAKIRTI

वर्ष- १४ अंक- ७ वार्षिक रु. ३५/- मूल्य रु. ४/-

Downloaded from http://www.dhamma.digital

## सुमंगल विहार पुनः निर्माण सम्पन्न

थ्वहे वंगु कार्तिक ६ गते खुनु श्री सुमंगल विहार पुनः निर्माण ज्या पूवंगु लसताय् चन्दा दातापिनि धलः शीलापत्र उलेज्या यलया नगर प्रमुख बेखारत्न शाक्य-पाखें जूगु समाचार प्राप्त जूगु दु। वयूकलं अपो सहयोग बियादीपिं हीराकाजी सुईका प्रमुख स्वम्हेसित प्रशंसा पत्र नं लः ल्हाना बिज्यात। नापं श्री महेन्द्ररत्न शाक्य-पाखें च्वया बिज्याःगु सफू "श्री सुमंगल विहार एक अध्ययन" उलेज्या नं जूगु समाचार दु।

थुगु हे दिने भिक्षु बुद्धघोष महास्थविरया ७६ दँ बुदिं क्वःधायक हनेगु ज्या नं क्वचाःगु व वसपोल महास्थविरयात अक्षेश्वर महाविहारपाखें अभिनन्दन पत्र अनया अध्यक्ष बुद्धिराज बज्राचार्यं लः ल्हाना बिज्याःगु दु।

उक्त अवसरे अ. धम्मवती गुरुमांयापाखें बुद्धघोष महास्थविरया मूल्याङ्कन याना बिज्यातसा थेरवाद केन्द्रिय दायक परिषद्या अध्यक्ष बखतबहादुर चित्रकार-जुं बुद्ध धर्म चीरस्थायी यायत व विकृति सुधार यायत थ्व परिषद्या गठन जूगु खं प्वंका दिल।

चर्चा दु थेरवाद केन्द्रिय दायक परिषद् गठन जुसेंलि भिक्षुपिं जक मखु ताले मलाःपिं उपासकपिनं सतर्क ज्वी माःगु अवस्था वःगु दु। उलिजक मखु परिषद् गठन जूयें भिक्षुपिं च्वना बिज्याःथाय् व्यवस्था मिले मजूनिथाय् आवश्यक व्यवस्था मिले याय्‌फुसा कन बांलाइ धयागु नं चर्चा जुयाच्वंगु दु।

## विजया दशमीया बारे गोष्ठी

२०५३ कार्तिक २ गते। केन्द्रिय दायक परिषद्या अनुरोधे बौद्ध संघ, भक्तपुरया आयोजनाय् सम्राट अशोकं शस्त्र परित्याग याःगु दिन "विजया दशमी" यात "शस्त्र परित्याग दिवस" या रूपे माने याय्माःगु बारे बौद्ध समकृत विहारे विचार गोष्ठी जूगु समाचार प्राप्त जूगु दु। उगु गोष्ठी, गुरुङ्ग, तामाङ्ग, भिक्षु, भिक्षुणी-पिनिपाखें ग्यसुलाक थःथःगु विचार प्वंकूगु समाचार दु। समाचार कथं भाजु सुगत बज्राचार्यं संचालन यानादीगु उगु सभा थेरवाद केन्द्रिय दायक परिषद्या अध्यक्ष श्री बखतबहादुर चित्रकारया सभापतित्वे संचालन जूगु खः। अथेहे उगु गोष्ठी बौद्ध संघ भक्तपुरया अध्यक्षं स्वागत भाषण यानादिलसा उपाध्यक्ष संघरत्न शाक्यं धन्यवाद ज्ञापन यानादीगु खः।

## यल कार्तिक शुक्ल पुन्ही

यल लायकूस्थित विश्वशान्ति मैत्री विहारया २३ कःगु बुसादं पडित मुनिमराज बज्राचार्यपाखें कलश पूजा नापं बुद्ध-पूजा याना तःजिक हन।

भिक्षु कालुदायीपाखें पञ्चशील प्रार्थना याकेधुंका सम्पन्न जूगु बौद्ध सभाय् ल. पु. उपमहानगरपालिकाया प्रमुख श्री बेखारत्न शाक्यजुं संस्कृति सम्पदा संरक्षण याना तयेमागु खं प्रकाश यानादिसे बौद्ध आचरण पालन यायेमागु तथ्य कुलादिल।

बुद्ध जयन्ती ट्रष्ट कमितिया नायो भाजु प्रा. आशाराम शाक्यजुं बुद्ध धर्म अनिश्वरवादया सिद्धान्त व्याख्या यासे कतिपुन्हीया महत्व कनादिल।

थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्या नायो भाजु बखतबहादुर चित्रकारजुं थुगुसी मोहनीपवय् हिंसा मनोवृत्ति कम जूगु खं चर्चा याना भन्तेपिं स्वनिगः पिने वना धर्म प्रचार यायेत इनाप याना दिल।

यशोधरा समाज सेवा परिषद्या नायो भाजु चक्रमेहर बज्राचार्यजुं सेवा हे धर्म जूगुलिं मनोभावना होका लोकहित ज्या यायेमागु खं उलादिल।

पूजाया ह्लंज्वलं ज्वरे याना द्यूम्ह डा. बुद्धिधर बज्रं थ्व क्षत्रय् ऐतिहासिक बुद्धमूर्ति विद्यमान जुया च्वंगु, श्री हेराकाजी सुजिकानं बुद्धं अभिधर्म कना बिज्याःगु व जुजु अजातशत्रु बुद्धया शरणे वंगु कतिपुन्ही-या दिन खः धका कना पुण्यानुमोदन याना बिज्यात।

श्री रनबहादुर गुरुङ्गजुं धादिङ्ग जिल्लाया ल्याय्म्हपिन्त बौद्ध जागरण शिविरपाखें बौद्ध धर्म दर्शन बोध याकूगु खं प्रकाश याना सम्प्रदाय भावना मतसे बुद्धया सिद्धान्त छ्यला न्ह्याज्यायेमागु खं न्ववाना दिल।

उक्त अवसरे बुद्ध जयन्ती ट्रष्ट कमितिया दांभरी भाजु पवित्रबहादुर बज्राचार्यजु, भाजु बिष्णुरत्न शाक्य, भाजु लोकबहादुर शाक्यजुं समाज व धर्मया नामे जुया-च्वंगु विकृति असमान व्यवहारयात सुधार यायेमागु खं कुलादिल।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० ११९६

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन– २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६

पोष्ट बक्स नं. ४९९२

# धर्मकीर्ति
## ( बौद्ध मासिक )
# THE DHARMAKIRTI
NOVEMBER 1996

वर्ष–१४ | अंक–७ | सकिमिलापुन्ही | कार्तिक २०५३




हे ब्राह्मण शील (सदाचार) रूपी घाटको निर्मल धर्मकुण्डमा नुहाएर कुशल मानिसहरू शुद्ध हुन्छन् । तिनीहरू शरीर नभिजाएर नै पारी तर्छन् ।

(सुन्दरीक भारद्वाज सुत्त)

पानीले शुद्ध हुँदैन । जो सत्यनिष्ठ र चरित्रवान् छ त्यही शुची हो, त्यहो शुद्धि हो ।  (जटिल सुत्त)

हे मूर्ख; यी जटा–दाह्री राखेर तिमीलाई के नाफा छ ? अनि मृग–चर्म छाला पहिरिएर के हुन्छ ? भित्र त तेरो रागादि मलले परिपूर्ण छ, बाहिर तँ के धुन्छस् ।

(धम्मपद)

★★★

Downloaded from http://www.dhamma.digital

# धम्मपद – ९०

– रीना बनिया

यो चे वस्ससतं जीवे – दुपञ्ञो असमाहितो ।
एकाहं जीवितं सेय्यो– पञ्ञावन्तस्स झायिनो ।

अर्थ—प्रज्ञाहीन र ध्यान चित्त नभएको व्यक्ति सय वर्ष बांचनुभन्दा प्रज्ञावान र ध्यानी बनी एकदिन मात्र बांचनु पनि उतम छ ।

यो गाथा भगवान् बुद्धले जेतवन विहारमा खाणु कोण्डञ्ञ स्थविरको कारणले बताउनु भएको हो ।

घटना –कोण्डञ्ञ नामको एक स्थविर भगवान् बुद्धकहाँ कर्मस्थान लिएर जंगलमा बास गर्दा गर्दै अरहन्त भइसकेपछि तथागतलाई भेटन जाने इच्छा गरी जंगलबाट नगरतिर लाग्नुभयो । धेरै हिड्न परेकोले थाक्नुभयो र बाटोबाट अलिपर छेउ लागेर एउटा ठूलो ढुंगामाथि ध्यान गरेर बस्नु भएछ । त्यही राती एउटा गाउँको धनसम्पत्ति लुटेर आएका पाँचसय जवान डाँकुहरूको एक समूह आ–आपनो शक्तिले भ्याएसम्म मालसामान बोकी त्यही गाउँमा आइपुगेछ । राती अँध्यारोले गर्दा ध्यानमा बस्नुभएका भिक्षुलाई तिनीहरूले ठम्याउन सकेनन् र एउटा निर्जीव खम्बा भन्ने ठानी आ–आफुले बोकेर ल्याएका मालसामानको पोको स्थविरको टाउको माथि र जीउमा अडेस लगाउँदै बिसाएछ । यसरी स्थविरलाई सामानले छोपी त्यसैमाथि तिनीहरूमध्ये कोही बसेछ भने कोही लिटेछ । यसो गर्दै उनीहरू रातभरी त्यहीं निदाएछन् । भोलिपल्ट बिहान उज्यालो भएपछि आ–आपनो सामान झिक्दा भित्र ध्यानमा बस्नु भएका स्थविरलाई देखने बित्तिकै तिनीहरूले उहाँलाई कुनै भूत, प्रेत वा अमनुष्य ठानी तर्सेर भाग्नथाले । यो देखी स्थविरले उनीहरूलाई बोलाएर आफु तथागतको धर्ममा प्रब्रजित भएर बसेको एक भिक्षु हो भन्ने कुरा बताउनु भयो । अनि ती डाँकुहरूले पछुताएर स्थविरको पाउमा घुँडा टेकी क्षमा मागे । डाँकुहरूको मुख्य सरदारले स्थविरको व्यवहार देखी प्रभावित भएर श्रद्धापूर्वक आफू पनि प्रब्रजित हुने इच्छा व्यक्त गरे । साथै अन्य पाँचसय डाँकुहरू पनि प्रब्रजित भए । त्यसबेलादेखि उक्त कोण्डञ्ञ स्थविरको नाम खाणु कोण्डञ्ञ रहनगयो (पाली भाषामा खम्बालाई खाणु भनिन्छ) । अनि स्थविर ती पाँचशय भिक्षुहरूलाई पनि साथमा लिएर भगवान् बुद्ध समक्ष पुग्नुभयो । भगवान् बुद्धले स्थविरलाई सोध्नुभयो—"के छ कोण्डञ्ञ ? अहिलेत तिम्रा धेरै शिष्यहरू भएछन् कि के हो ?" अनि कोण्डञ्ञ स्थविरको साथै अन्य भिक्षुहरूले पनि बुद्ध समक्ष सबै कुरा वृतान्त सुनाए । भगवान् बुद्धले ती पाँचसय जवान नयाँ भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो—"भिक्षुहरूहो ! दुष्ट बुद्धि लिई डाँकु भएर एकसय वर्षसम्म बाँचिरहनु भन्दा अहिले जस्तै प्रज्ञावान भएर तिमीहरू यस लोकमा एक दिन मात्र बाँचे पनि उत्तम छ ।" यस्तो भन्नुहुँदै भगवान् बुद्धले उपरोक्त गाथा बताउनु भएको थियो ।

धर्मदेशनाको अन्त्यमा ती पाँचसय जवान भिक्षुहरू प्रतिसम्भिदा सहित अरहन्त भए ।

★★★

मानिवत्त अभिक्कम – नरुक अधिबद्ध । – बुद्ध



Downloaded from http://www.dhamma.digital

# बुद्धको शिक्षा र आजको विश्व

– डा. वल्पोल राहुल

कुनै पनि व्यक्तिले यो बुद्ध धर्मलाई वैभवयुक्त तथा उत्कृष्ट व्यवस्था हो भन्ने विचार गर्दछन्, यो संसारमा साधारण दैनिक कार्यमा व्यस्त गृहस्थीहरूका लागि यो व्यावहारिक हुन सक्तैन, एक सच्चा बौद्ध बन्ने इच्छुक व्यक्ति जो गृहस्थ जीवनबाट अवकास प्राप्त गरी विहार आश्रम जहाँ शान्त वातावरण छ, त्यहाँ बस्न सक्दछन् भने, उसको लागि मात्र यो सम्भव छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ भन्नेहरू छन् ।

यो एक निराशाजनक भ्रम मात्र हो र बुद्धले दिनु भएको धर्मदेशनालाई बुझ्न सक्ने क्षमताको अभाव हो भन्ने यसले प्रमाणित गर्दछ । कोही व्यक्तिहरूले बुद्ध धर्म बारे लेखेको लेख पढेको, सुनेको परिणाम स्वरूप उनीहरू विवेचना शून्य र भ्रमपूर्ण निष्कर्षका पछि लाग्दछन्, त्यही कारण जसले यो धर्मलाई सबै पक्षबाट बुझिसकेका छैनन् उनीहरूले नै यस्तो अपूर्ण तथा असन्तुलित अभिप्राय या विचार व्यक्त गर्दछन् । बुद्धको शिक्षा केवल विहार, आश्रममा वस्ने सन्तहरूको लागि मात्र नभई आफ्नो पारिवारिक जीवन बिताउने सबै जनसाधारण गृहस्थहरूका लागि पनि हो भन्ने कुरो बुझिन्छ । बौद्ध जीवन पद्धति, "आर्य अष्टाङ्गिक मार्ग" बिना कुनै भेदभाव सबैको लागि हो भन्ने बुझिन्छ ।

संसारका अधिकांश मानिसहरू सन्तको भेषमा आफ्नो अवकाश जीवन गुफा या जङ्गलमा बिताउन सक्दैनन् । यो बौद्ध धर्म जस्तोसुकै उच्च या शुद्ध किन नहोस्, यदि आजको संसारमा मानवजातिले आफ्नो दैनिक जीवनमा अनुसरण गर्न सकिन्न भने अनुपयोगी नै सिद्ध हुनेछ । यो धर्मलाई केवल अक्षरमा मात्र नभई यसको शुद्ध धार्मिक अर्थ बुझेको छ भने यसलाई एकजना साधारण मानिसले पनि निश्चित रूपमा आफ्नो दैनिक जीवनमा अनुसरण गरी अभ्यास गर्न सकिन्छ ।

जो मानिस समाजको सम्पर्कबाट टाढा बस्दछन्, तिनीहरूले मात्र यो धर्मलाई सरल र सुविधाजनक ठान्ने पनि छन् । अर्कोथरी मान्छेहरू यस्तो किसिमको अवकाश प्राप्त जिन्दगीबाट शारीरिक र मानसिक दुवै तवरले नीरस र उदासी पाउँछन्, त्यसकारण यो मानिसको धार्मिक तथा बौद्धिक विकासको लागि सहायक सिद्ध हुँदैन भन्ने ठान्नेहरू पनि छन् ।

संसारबाट भौतिक या शारीरिक तवरले भाग्नु सच्चा गृहत्याग (निष्क्रमण) मानिंदैन । बुद्धको प्रमुख शिष्य सारिपुत्र भन्नुहुन्छ– कोहि व्यक्ति जङ्गलमा बसेर तपस्यामा नै आफ्नो जीवन अर्पित गरेको किन नहोस्, ऊ अशुद्ध विचारको या विकारयुक्त पनि हुनसक्तछ; अर्कोथरी मान्छे गाउँ शहरमै बसेर योगाभ्यास, साधना नगरे पनि ऊ शुद्ध विचारको र विकारबाट मुक्त हुन सक्दछ । उहाँ भन्नुहुन्छ– यी दुईमा गाउँ वा शहरमा बसेर आफ्नो शुद्ध जीवन व्यतीत गर्ने मान्छे जङ्गलमा बस्ने भन्दा निश्चय पनि माथिल्लो दर्जाको र महान हुन्छ ।

बुद्ध शिक्षालाई अवकाश प्राप्त जीवनमा मात्र अनुसरण गर्न सकिन्छ भन्ने आमधारणा भ्रमपूर्ण छ । यो केवल व्यवहारमा उतार्न नचाहने एक सुषुप्त प्रत्युत्तर मात्र हो । बौद्ध साहित्यमा त्यस्ता अनगिन्ति प्रसङ्गहरू छन् जहाँ असंख्य नरनारीहरूले आफ्नो सामान्य पारिवारिक



Downloaded from http://www.dhamma.digital

जीवनमा बुद्धले सिकाउनु भएको शिक्षालाई सफलतापूर्वक व्यवहारमा अपनाई निर्बाणको साक्षात्कार गरेका छन् । एक फिरन्ते, बच्छ गोत्तले एकचोटी भगवान बुद्धसँग सामान्य पारिवारिक जीवन यापन गर्ने नरनारीहरू जसले यो बुद्ध शिक्षालाई सफलतापूर्वक अनुसरण गरे तिनीहरूले उच्च धार्मिक अवस्था प्राप्त गर्न सक्तछन् र ? भनी प्रश्न गरेका थिए । जवाफमा बुद्धले स्पष्टसँग देशना गर्नु भयो कि एक वा दुई, सय वा दुइसय वा पाँचसयमात्र होइन, असंख्य सामान्य नरनारीहरू जसले यो शिक्षालाई आफ्नो पारिवारिक जीवनमा सफलतापूर्वक अनुसरण गरेर उनीहरूले उच्च धार्मिक अवस्था वा निर्वाणिक अवस्था प्राप्त गरे ।

केही व्यक्तिहरूको लागि हल्ला बाधा नभएको शान्त ठाउँमा एकान्त जीवन बिताउन अनुकूलता मिल्न सक्दछ । तर आफ्नो साथी भाइहरूसंगको माझमा बसेर उनीहरूलाई मद्दत गरी, उनीहरूको सेवा गरी बुद्ध धर्मलाई व्यवहारमा अपनाएमा अवश्य पनि झन प्रशंसनीय र साहसिक हुन्छ । आफ्नो चित्त र चरित्र सुधार्न जस्तो कि प्रारम्भिक नैतिक, धार्मिक र आध्यात्मिक प्रशिक्षणका लागि केही समयसम्म एकान्त बास बसी आफू पुष्ट र गतिलो भई निस्के पछि अरूलाई सहायता दिन वा सेवा गर्न उपयोगी नै सिद्ध हुन सक्दछ । तर एकान्तमा बसेर आफ्नो मात्र सुख, शान्ति र मुक्तिको विचार गरी अरूको वास्ता गरेन भने निश्चय पनि प्रेम, मैत्री र परोपकारमा आधारित बुद्ध शिक्षा अनुरूप भएको ठहरिन्न ।

यहाँनेर जो कसैले प्रश्न उठाउन सक्दछ : यदि सामान्य व्यक्तिहरूले बुद्ध धर्मलाई आफ्नो जीवनमा अपनाउन सकिन्छ भने संघको किन आवश्यकता पऱ्यो ? श्रावकहरूको विनय बुद्धले किन स्थापना गर्नुभयो ? विनयले त्यस्ता मान्छे, जो आफ्नो जीवनको धार्मिक, बौद्धिक विकासको लागि मात्र विचार नगरी अरूको पनि सेवा गर्न इच्छुक भएकाहरूलाई समेत अवसर प्रदान गर्दछ । बुद्धको सल्लाह अनुसार पारिवारिक जीवन बिताउने सामान्य व्यक्ति अरूको सेवामा आजीवन अर्पित हुन सक्ने आशा गर्न सकिन्दैन जब कि सन्तहरूको पारिवारिक दायित्व तथा अरू सांसारिक बन्धन नहुने कारणले आफ्नो सम्पूर्ण जीवन अरूको भलाई, सुखको लागि अर्पित गर्न सक्ने स्थितिमा हुन्छ । यसरी नै बौद्ध विहार, आश्रम, खालि धार्मिक केन्द्र मात्र नभई विद्या, ज्ञान र संस्कृतिको केन्द्र बन्न पुगेको छ ।

बुद्धले सिगालोवाद सूत्रमा व्यक्तिको जीवन उसको परिवार र सामाजिक सम्बन्धहरूसँग कुन हदसम्म सम्बन्धित छन् भन्ने कुरो देखाउनु हुन्छ ।

सिगाल नामक एक युवकले आफ्नो बाबुको च्यूति (मरण) समयमा दिनुभएको आज्ञा पालन गर्न दिनहुँ ६ दिशामा पूजा गर्दथे । बुद्धले ती ६ दिशा पूजा गर्न योग्य भएको कारण आफ्नो आर्य विनय (अनुशासन) अनुसार त्यस युवकलाई बताउनु भयो । उहाँको आर्य विनय अनुसार ६ वटा दिशाहरूमा पूर्वमा आमा-बाबु, दक्षिणमा गुरुहरू, पश्चिममा स्त्री र बच्चाहरू, उत्तरमा साथीहरू, नातेदारहरू र छिमेकीहरू, तलको दिशामा नोकरहरू, कामदारहरू र सेवकहरू, माथिल्लो दिशामा धार्मिक व्यक्तिहरू ।

बुद्धले भन्नुभयो– कुनै पनि व्यक्तिले यी ६ दिशामा पूजा गर्नु पर्दछ । पूजा शब्द महत्वपूर्ण छ, कारण पूजा कुनै पवित्र, इज्जत र आदर गर्न



Downloaded from http://www.dhamma.digital

योग्यलाई नै गरिन्छ । यी ६ परिवार र सामाजिक समूहहरूलाई बुद्ध धर्ममा पूजनीय भनी उल्लेख गरेको छ । त्यो कसरी त ? बुद्धले भन्नुभयो– उनीहरूप्रति आफ्नो कर्तव्य पालन गरी पूजा गर्न सकिन्छ । यी कर्तव्यहरू सिंगालको लागि प्रवचनमा व्याख्या गर्नुभयो ।

**पहिलो : सन्तानको लागि आमा बाबु पवित्र छन्–** बुद्ध भन्नुहुन्छ– आमा बाबु भनेको ब्रह्मा हो (ब्रह्माति मातापितरो) ब्रह्मा शब्द हिन्दू धर्मानुसार एक उच्च र पवित्र विचारको संकेत हो र बुद्धले ब्रह्मामा आमा बाबु समेट्नु भएको छ । तसर्थ राम्रो बौद्ध परिवारहरूमा वर्तमान समयमा पनि छोराछोरीहरूले आमा बाबुलाई बिहान बेलुका हरेक दिन पूजा गर्दछन् । आर्य विनय अनुसार छोराछोरीहरूको कर्तव्य आमा बाबुको बुढेसकालमा हेरविचार गर्नु हो । उनीहरूको भलाईको लागि, उनीहरूले जे गर्न चाहन्छन् गर्नु पर्दछ । पारिवारिक इज्जत र परम्पराको निरन्तरता कायम राख्नु पर्दछ । आमा बाबुले आर्जन गरेको सम्पत्तिको रक्षा गर्नु पर्दछ, उनीहरूको मृत्युपछि गर्नुपर्ने काजक्रिया पूर्ण गर्नु पर्दछ, त्यसको बदलामा उनीहरूले आफ्नो छोरा छोरीप्रति आफ्नो दायित्व जस्तो कि बच्चाहरूलाई कुबाटोमा लाग्नबाट बचाउने राम्रो र फाइदाजनक क्रियाकलापमा लगाउने, राम्रो शिक्षा दिने, राम्रो परिवारमा विवाह गरिदिने, आफ्नो भएको जायदाद सम्पत्ति छोराछोरीहरूको हातमा सुम्पि दिने आदि कुशल कार्य गर्नुपर्दछ ।

**दोस्रो : गुरु शिष्यको सम्बन्ध–** एक शिष्यले आफ्नो गुरुप्रति आदर गर्ने आज्ञाकारी हुने, आदि उनीहरूको इच्छा आकांक्षा छ भने आदरपूर्वक पूरा गरिदिने, उत्साह र मेहनत साथ अध्ययन गर्ने । गुरुले यसको बदलामा आफ्नो शिष्यलाई सुशिक्षित पार्ने, राम्ररी सिकाउने, साथीहरू बीच परिचित गराउने र विद्या आर्जन पश्चात पनि राम्रो काम दिलाई दिने गर्नुपर्दछ ।

**तेस्रो : पति पत्नी बीचको सम्बन्ध–** पति पत्नी बीचको आपसी प्रेमलाई धार्मिक र पवित्र ठानेको छ । यसलाई सादर ब्रह्मचारी (पवित्र पारिवारिक जीवन) भनिन्छ । ब्रह्मा शब्दको महत्त्वलाई ध्यान दिनु पर्दछ । यो सम्बन्धलाई उच्च आदर गरिन्छ । पति पत्नी बिश्वासी, आदरणीय र एक अर्काप्रति अर्पित तथा एकले अर्कोप्रति कर्तव्य पूरा गर्नु पर्दछ । पतिले पत्नीको इज्जत गर्नु, केवल आफ्नो आदर मात्र खोज्ने नभई, प्रेम गर्नु, विश्वासी हुनुपर्दछ । उनको स्थान सुरक्षित पार्नु, सुविधा दिनु, लुगा जवाहरातहरू उपलब्ध गराई खुसी पार्नु पर्दछ र साधारण मानवीय भावनाहरूतिर पनि व्यक्तिको भावनाबारे पतिले पत्नीप्रति यस्तै उपहारहरू दिई समझदारिता तथा सहानुभूति कायम राख्नु पर्ने कुरा पनि बुद्धले आफ्नो धर्ममा उल्लेख गर्न बिर्सनु भएन । पत्नीले यसको बदलामा घरायसी कार्यहरूमा हेरविचार गर्ने, सुपरिवेक्षण गर्ने, आएको पाहुना, साथी, नाताकुटुम्बहरू, कामदारहरूको मान सत्कार गर्ने, दिल बहलाउने, पतिलाई प्रेम गर्नु, विश्वासी हुनु, पतिले आर्जन गरेको श्रीसम्पत्तिको सुरक्षा गर्नु, घर र बाहिरको सबै क्रयाकलापमा चनाखो भएर, उद्योगी भएर काम गर्नुपर्दछ ।

**चौथो : साथीहरू, नातेदारहरू र छिमेकीहरूसंगको सम्बन्ध–** तिनीहरू अतिथ्यकारी, दयालु कृपालु, हुनुपर्दछ, सुखपूर्वक, प्रसन्नताले बोल्ने हुनु पर्दछ, एक अर्काको भलाइको लागि काम गर्नु पर्दछ, एक अर्कालि माया गर्नुपर्दछ, झगडा नगर्नु,



Downloaded from http://www.dhamma.digital

आवश्यक परेको बेला मद्दत गर्नु, कठिनाई, आपद परेको बेलामा त्याग्नु हुँदैन ।

**पाचौं : मालिक र नोकरको बीच सम्बन्ध–** मालिकसंग उसको सेवकहरूको लागि लेखिएको प्रतिज्ञा पत्र हुनुपर्दछ, कामहरू समर्थता र क्षमता अनुसार निर्दिष्ट गरिएको हुनुपर्दछ, पर्याप्त मात्रामा ज्यालाहरू दिएको हुनुपर्दछ, औषधिको आवश्यकताहरू प्रदान गरिएको हुनुपर्दछ, समय समयमा पारितोषिक दिनुपर्दछ सेवक या नोकरले त्यसको बदलामा अल्सी नभई मेहनती हुनुपर्दछ, ईमान्दार, आज्ञाकारी, साथै मालिकलाई नठग्ने प्रवृतिको हुनुपर्दछ, ऊ आपनो काममा उत्सुक र उद्यत हुनुपर्दछ ।

**छैठौं : धार्मिक (श्रमण र ब्राह्मणहरू) र जन सामान्य व्यक्तिहरू बीचको सम्बन्ध–** सामान्यजनहरूले धार्मिक व्यक्तिहरूको भौतिक आवश्यकता प्रेम र आदरपूर्वक हेरविचार गर्ने धार्मिक व्यक्तिले जन सामान्यको लागि मैत्रीपूर्वक ज्ञान र शिक्षा दिने, कुमार्गबाट बचाई सुमार्गमा चल्नको लागि वाटो देखाउनु पर्दछ ।

हामी देख्दछौं कि बुद्धले विचार गरे अनुसार सामान्य जीवन, उसको परिवार, सामाजिक सम्बन्धहरू उहाँले तयार पार्नु भएको आर्य विनय तथा बौद्ध जीवन पद्धतिको ढाँचा भित्र पर्न आउँदछ ।

एक प्राचीन पालि धर्मग्रन्थ 'संयुक्त निकाय' मा सक्क नाम गरेको देवराजले प्रष्टचाउनु भएको छ कि उनले केवल धार्मिक पवित्र जीवन बिताउने सन्तहरूको मात्र पूजा नगरी उपासक जसले प्रशंसा योग्य काम गर्दछन्, जो धार्मिक छन् जसले आपनो परिवारमा धर्म र पवित्रता कायम गरेको छ, त्यस्ताको पनि पूजा गर्नुहुन्छ ।

यदि कोही व्यक्ति बौद्ध बन्न चाहन्छ भने त्यसको लागि कुनै नामाकरण संस्कारको आवश्यकता छैन । भिक्षु बन्नको लागि संघको सदस्यता लिई अनुशासन सम्बन्धी तालिम र शिक्षाको लामो विधि अपनाउनु पर्दछ । यदि कोही व्यक्ति बुद्धको शिक्षा बुझ्दछन् र यी ठीक बाटो हुन् भनी दृढ विश्वासी हुन्छन्, अनुसरण गर्ने कोशिस पनि गर्दछन् भने उही बौद्ध कहलाइन्छ । तर बौद्ध राष्ट्रहरूमा युगौं युग पुरानो परम्परा अनुसार त्यस्तो व्यक्तिलाई बौद्ध सम्झिन्छ जसले बुद्ध, धम्म, (बुद्धको शिक्षा) संघ (भिक्खु विनय)लाई धारण गर्दछ । साधारणतया बुद्ध, धर्म, संघ जसलाई त्रिरत्न भनिन्छ, त्यसको शरण लिन्छ र कमसेकम नैतिक बन्धनलाई पालना गर्ने पंचशील पालना गर्ने प्रयत्न गर्दछन्– ती हुन् (१) हिंसा नगर्नु (२) चोरी नगर्नु (३) व्यभिचार नगर्नु (४) झूठो नबोल्नु (५) लागू पदार्थको सेवन नगर्नु । प्राचीन ग्रन्थमा यो शील प्रार्थनाको लागि दिएको छ । धार्मिक पर्वहरूमा बुद्धको उपासना गर्ने जमातले यो पंचशीलको प्रार्थना बौद्ध भिक्षुको नेतृत्वमा गर्दछन् ।

यी माथिको कुरो बाहेक अरू केही बाह्य रीतहरू बौद्धले पालन गर्नु पर्दैन । बुद्ध धर्म एक जीवन शैली हो जहाँ आर्य अष्टाङ्गिक मार्गलाई अनुसरण गर्नु नै महत्वपूर्ण मानिन्छ । निश्चय पनि बौद्ध राष्ट्रहरूको धार्मिक उत्सवमा सामान्यतया राम्रा भव्य उत्सवहरू मनाउँदछन् । तीर्थस्थानहरूको बुद्धको मूर्ति, स्तूपहरू पाइन्छन् र बौद्धहरू बोधिवृक्षलाई पनि पूजा गर्दछन्, फूल चढाउँदछन्, बत्ती र धूप बाल्दछन्, आस्तिकहरूले धर्ममा प्रार्थनाको लागि यी सबै रूचाउनु पर्दछ भन्ने छैन ।

क्रमशः



Downloaded from http://www.dhamma.digital

# कपिलवस्तु र बुद्धको जन्मथलो

– नारायण प्रसाद पौडेल

शांख्य दर्शनका प्रणेता कपिलमहर्षिको तपोभूमि हो– कपिलवस्तु । भगवान गौतम बुद्धको क्रिडास्थल तथा शाक्य वंशीय राजा शुद्धोदनको दरबार भएको ठाउँको नाउँ हो– कपिलवस्तु । कपिलवस्तुले कपिलमुनिलाई पायो, बुद्ध जस्तो व्यक्तिलाई जन्मायो, भवानी भिक्षु... आदिलाई उभ्यायो । कपिलवस्तुले नेपाललाई विश्वभरमा चिनायो, दृश्य वा अदृश्य रूपबाट डलर भित्र्यायो । सयौं देशका पुरातत्वबिद्हरू यहाँ आए, धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक अन्वेषणकर्ताहरू खूब रमाए । उत्खनन् गर्ने नाउँमा सकेसम्म कपिलवस्तुलाई रित्याए । काठमाडौंमै बसेर कतिपय टाठा–बाठाहरूले कपिलवस्तुको गुणगान गाए । सत्तासीनहरूका चाकरीमा धाए । कपिलवस्तुको विकासको बजेट उतै पचाए । कपिलवस्तुका जनताले सधैं दुःख पाए ।

न त यहाँ निकासको कुनै पूर्वाधार नै तयार भयो, न त यहाँका पवित्र बौद्ध धार्मिक तीर्थस्थलको संरक्षण नै भयो । यहाँ राम्रो बाटोको व्यवस्था छैन, बस्ने ठाउँ पनि छैन । कुनै जमानामा नेपालको अति विकसित सभ्यताको प्राचीन शहर, ऐतिहासिक र पुरातात्विक ठाउँ, तथा पवित्र धार्मिक तीर्थस्थलको नाउँ थियो– कपिलवस्तु । अहिले पिछडिएको, चिथोरिएको, अपहेलित, अविकसित र तिरस्कृत ठाउँको नाउँ हो– कपिलवस्तु ।

यो कुरा छिमेकी भारतलाई पनि राम्ररी थाहा छ । उनीहरुले हाम्रो कर्म र मर्ममाई राम्रै संग बुझेका छन् । भारतभूमि पिपरहवामा कथित कपिलवस्तुको निर्माण गर्दछन् अर्थात् उद्धार गर्दछन् ? !

अहिले प्राचीन कपिलवस्तुको प्रामाणिकताको प्रश्न उठाईदैछ । आफ्नै देशका जनताको माया पाउन समेत नसकेका, परावलम्बी र पराधीन संस्कृतिका संवाहक सत्तासीनहरू मौन छन् । "सुन बोकेर लाहुर, नून बोकेर घर" गर्नेहरूले आफ्नो पेशा छोड्ने कुरै भएन । सीमानापारी अर्को कपिलवस्तुको निर्माणकार्य द्रूत गतिमा सम्पन्न भइरहेको छ । यताका आधारहरू भत्काएर उताको आधार बलियो बनाईदैछ । यो सबै देखिरहेका देशभक्त नेपालीहरूको हृदय पोलिरहेको छ । र, भन्न बाध्य छन्– "राजनीति हाम्रो लागि भएन, अर्थतन्त्र हाम्रो हातमा रहेन, धर्म, संस्कृति, परम्परा, इतिहास, आफ्नोपन र राष्ट्रियताको मूल्य पनि बचेन । हामी "गुलाम देशका स्वतन्त्र नागरिक हौं कि, स्वतन्त्र देशका पराधीन नागरिक हौं"? ठम्याउनै कठिन भएको छ ।"

भगवान बुद्धले आफ्नो जीवनको २९ वर्ष नेपालको कपिलवस्तुमै व्यतीत गरेको कुरा मगध नरेश चक्रवर्ती सम्राट अशोक (इ. पू. २५१–२४५) ले मानेका थिए । त्यसपछि चिनियाँ यात्री फाम हान् (इ. सन्. ४०६) र ह्वेन साङ (इ. सन्. ६३९) ले मानेका छन् । कर्णाली प्रदेशका राजा रिपु मल्ल (१२३४) ले मानेका छन् । सन् १८९५ देखि हालसम्मका खोजकर्ता जनरल खड्ग शमशेर, डा. फ्यूहरर, कनिङ्धम, कार्लाइल, डेभिड्स, भिन्सेन्ट स्मिथ, डा. भोष्ट, पि. सी. मुखर्जी, देवाला मियाँ वि.डि. राव, भुवनलाल प्रधान, बाबुकृष्ण रिजाल, रामानन्द मिश्र, प्रो. नाकामुरा आदि सयौं बिद्वानले मानेका छन् । इतिहासले प्रमाणित गरेको छ । पुरातात्विक उत्खनन्बाट प्राप्त वस्तुहरूको वैज्ञानिक परीक्षणले प्रमाणित गरेको छ । तर कुन्नि किन हो ?



Downloaded from http://www.dhamma.digital

हाम्रो देशका दाशमनोवृत्तिबाट ग्रसित शासक र भारतका के. एम. श्रीवास्तवले उल्लेखित विद्वानहरूको प्रमाणित र वैज्ञानिक विचारलाई मान्न तयार छैनन् । यता गिरिजाबाबु नेपालको कपिलवस्तुलाई भगवान बुद्धको पैतृकस्थल मान्न तयार हुनुहुन्न (२०५० पौष २०–२२ मा भएको चतुर्थ राष्ट्रिय बौद्ध सम्मेलनको उद्घाटन भाषण) उता भारतको कथित कपिलवस्तुको बारेमा संसारभरमा व्यापक प्रचार प्रसार भइरहेको छ । यो संयोग हो वा अरू के हो ? विज्ञ पाठकहरूले नै मूल्यांकन गर्नुहुन विनम्र अनुरोध छ ।

सारा विश्वले मानेको नेपालको प्रमाणित प्राचीन कपिलवस्तुमा बुद्धसंग सम्बन्धित करीब ५६ वटा पवित्र तीर्थस्थल छन् । गौतम बुद्धको दरवार भएको ठाउँ तिलौराकोट, कनकमुनि बुद्धको प्रभव भएको ठाउँ निग्लिहवा क्रकुच्छन्द बुद्धको जन्म भएको ठाउँ गोटीहवाका अतिरिक्त कुदान, सगरहवा, अडीराकोट, शिसहनीया, सरकूप आदि सबै ठाउँमा पर्यटकहरू जान सक्दैनन् । तर ऐतिहासिक, पुरातात्विक सामानहरू भारततिर निर्यात गर्नेहरू सजिलसंग जान सक्छन् । त्यसैले अडीराकोटका प्राचीन इट्टाहरू हराइसकेका छन् । शिसहनीया कोटको जमीन अतिक्रमण भएको छ । डेखाको प्राचीन स्तूपको नामोनिसान छैन । यस्ता कुरा यो सानो स्तम्भमा लेखेर साध्य पनि छैन । यी कुराहरू वर्तमान सरकारलाई थाहा छैन, भन्न पनि सकिदैन । खुल्ला सीमानाको कारण रोकथामको लागि केही समस्या पैदा भएको छ भन्ने कुरा साँचो हो । तर रोक्ने प्रयास पनि त भएको छैन, यो पनि उत्तिकै साँचो हो ।

(लेखकः लुम्बिनी कपिलवस्तु बचाऔं अभियानका केन्द्रीय संयोजक हुनुहुन्छ । –सं.)

आभार – बुधबार साप्ताहिक

# संयुक्त निकाय

– भिक्षु विशुद्धानन्द

४. वत्थु सुत्त (१.६.४)
मानिसको आधार के हो ?
यहाँ सबैभन्दा ठूलो साथी को हो ?
कसबाट सबै बाँच्दछ ?
पृथ्वीमा जति प्राणी बस्दछन् ।

उत्तर– छोरा मानिसको आधार हो,
पत्नी सबैभन्दा ठूलो साथी हो,
वर्षा भएबाट सबै बाँच्दछन्,
पृथ्वीमा जति प्राणी बस्दछन् ।

५/६/७ जनेति सुत्त (१.६.५/६)
मानिसलाई के उत्पन्न गर्दछ ?
उसको के छ जो दौडन्छ ?
को आवागमनको चक्करमा पर्दछ ?
उसको सबैभन्दा ठूलो भय के हो ?

उत्तर– तृष्णा मानिसलाई उत्पन्न गर्दछ,
उसको चित्त दौडिरहन्छ,
प्राणी आवागमनको चक्करमा पर्दछ,
दुःख उसको सबैभन्दा ठूलो भय हो ।
उसको आश्रय के हो ?

उत्तर– कर्म नै उसको आश्रय हो,

८. उप्पथ सुत्त (१.६.८)
कुन बाटोलाई बिना बाटो भनिन्छ ?
रात दिन क्षय हुने वाला के हो ?
ब्रह्मचर्यको मल के हो ?
बिना पानीको नै नुहाई (स्नान) छ ?

उत्तर– रागलाई मानिस बिना बाटो भन्दछन्,
आयु रात दिन क्षय हुनेवाला छ,
स्त्री ब्रह्मचर्यको मल हो,
जसमा सबै प्राणी फस्दछन्,
तप र ब्रह्मचर्य
यो बिना पानीको नुहाई हो ।



Downloaded from http://www.dhamma.digital

# मुक्ति मार्ग कहाँ छ ?

– धम्मवती

मुक्ति मार्ग कहाँ छ ? के गरेमा हामी दुःखबाट मुक्त हुने छौं ? यो प्रश्न महत्वपूर्ण भए जस्तै उत्तर दिन त्यति सजिलो छैन। हामीमध्ये दुःख मनपराउनेहरू कोही पनि हुन सक्दैन। बरू सबैले दुःख हटाउने मात्र इच्छा गर्छन्। तर दुःख हटाउनको लागि ठीक बाटो खोज्ने उपाय भने कसैले गरेको देखिन्न। धेरैजसो मानिसहरू आ–आफ्ना धर्ममा लागी आ–आफ्नै भाषाले दुःखबाट मुक्त हुन पाउँ, निर्वाण सुख प्राप्त गर्न पाउँ, मोक्ष प्राप्त गर्न पाउँ आदि भन्दै कराइरहेका हुन्छन्। झूलको बाहिर बसी कराइरहने लामखुट्टेले कहिल्यै पनि रगत चुस्न पाउँदैन, रगत चुसी आफ्नो इच्छा पूर्ति गर्नको लागि त झूलमा आफु पस्नेप्वाल पत्ता लगाई भित्र पस्न सक्नुपर्‍यो। उपमाका लागि अय्या अय्या भनी कराई मात्र रहेर रोग निको भएर जाने अवश्य पनि होइन। रोग निको पार्न त जान्ने बैद्यलाई देखाउनु पर्दछ। जान्ने बैद्य मात्र भएर पनि कहाँ रोग निको हुन्छ र? बैद्यले दिएको औषधी खानु पर्दछ। त्यतिले पनि पुग्दैन आफ्नो रोगको लागि उपयुक्त नभएका खाना बार्नु पर्छ अनि मात्र रोग नीको हुन सक्दछ। त्यसो नगरिकन जान्ने डाक्टर देखाइसकें भनी डाक्टरले औषधी लेखी दिएको कागजलाई तकियामुनि राखेर सुतेमा रोग निको हुन सक्दैन।

त्यसरी नै हामीले पनि अनेक प्रकारका देवताहरूको शरणमा गई भो भगवान्! दुःख हटाइदिनुपर्‍यो भनी कराउँदै हिड्दैमा कहिल्यै पनि दुःख नाश हुन सक्दैन।

त्यसैले बुद्धले भन्नुभएको छ—

बहुं वे सरणं यन्ति – पब्बतानि वनानिच।
आराम रुक्ख चेत्यानि – मनुस्साभयतज्जिता॥
नेतं खो सरणं खेमं – नेतं सरण मुत्तमं।
नेतं सरण मागम्म – सब्ब दुक्खा पमुच्चति॥

अर्थ—मानिसहरू धेरैजसो दुःख भयदेखि डराएर पर्वत, चैत्य, मन्दिर, बन जङ्गल, रूख आदि विभिन्न ठाउँहरूमा ईश्वर भजी शरण पर्छन्। तर यस्तो ठाउँहरूमा शरण जाँदैमा उत्तम शरण हुन सक्दैन र यसले भय हट्दैन, न दुःख नै हट्छ।

साँच्चिकै दुःख मन नपराउने हो भने दुःख हटाउनको लागि दुःख नाश गरिसकेको व्यक्तिकहाँ शरण गई उहाँले भन्नुभए जस्तै काम गर्न सक्नु पर्दछ। अनि मात्र दुःखबाट मुक्ती पाउन सकिन्छ। त्यसैले बुद्धले भन्नुभएको छ—

यो च बुद्धञ्च धम्मञ्च सङ्घञ्च सरणं गतो,
चत्तारि अरिय सच्चानि सम्मप्पञ्ञाय पस्सति।
दुक्खं दुक्ख समुप्पादं दुक्खस्स च अतिक्कमं,
अरियञ्चट्ठङ्गिकं मग्गं दुक्खुप समगामिनं।
एतं खो सरणं खेमं एतं सरण मुत्तमं,
एतं सरण मागम्म सब्ब दुक्खा पमुच्चति।

अर्थ—जुन व्यक्तिले बुद्ध धर्म र सङ्घको शरणमा गई चार आर्यसत्यलाई प्रज्ञा ज्ञानले देख्छ अथवा दुःख, दुःखको कारण, दुःख नाश गर्ने र दुःख नाश गर्ने आर्य अष्टाङ्गिक मार्ग आदि चारवटा आर्य सत्यलाई प्रज्ञा ज्ञानले देख्छ, यही नै साँच्चैको दुःख नाश गर्ने उत्तम



Downloaded from http://www.dhamma.digital

शरण हो । यसरी शरण जान सकेमा मात्र दुःखबाट मुक्त हुन सकिन्छ भनी बुद्धले भन्नुभएको छ ।

तर यसको अर्थ अरू ठाउँमा शरण गई दुःखबाट मुक्त हुन सक्दैन, त्यसैले मकहाँ शरण पर्न आउनु अर्थात् बुद्ध धर्म र संघको शरण परेमा मात्र दुःखबाट मुक्त हुनेछ भनी बुद्धले आफुलाई ठूलो ठानी यस्तो भन्नुभएको होइन । यसरी सम्झनु गलत हुनजान्छ । दुःख हटाउनको लागि दुःखबाट मुक्त हुने मार्ग पत्ता लगाउनु भएको व्यक्तिको ज्ञान बुद्धि लिई आफुले पनि सोही अनुसार काम गर्न सकेमा मात्र दुःखको अन्त गर्न सक्नेछ भनेर बुद्धले भन्नुभएको छ ।

त्यसैले कुनै ईश्वर वा देवताले हाम्रो दुःख नाश गर्न सक्ने होइन । दुःखलाई आफु स्वयंले नाश गर्ने मार्ग मात्र देखाइदिन सक्नेछ । आफै दुःखको भमरीमा परिराखेका अथवा आफ्नो मन शुद्ध पार्न नसकी क्लेशमा डुबेका, दुःखको कारण तृष्णामा भुलिरहेका ईश्वरहरूले कसरी दुःख नाश गर्ने मार्ग देखाउन सक्छन् ? यो त बाटो थाहा नपाएको अन्धासँग बाटो देखाइदिन अनुरोध गरे जस्तै भयो । त्यसैले दुःख नाश गरिसक्नु भएका बुद्धले मात्र दुःखबाट मुक्त हुने मार्ग देखाउन सक्नु हुनेछ । अनि मात्र सहि बाटो थाहा पाउने मान्छेले बाटो बिराएको मान्छेलाई बाटो देखाइदिएको जस्तै भई सहि ठाउँमा पुग्न सक्नेछ । यसरी नै बुद्धले देखाउनु भएको मार्ग अनुसार जान सकेमा र हाम्रो आचरण राम्रो पार्दै लान सकेमा बिस्तारै दुःख हट्दै जानेछ । दुःख नचाहने व्यक्तिहरूले अविद्या र क्लेशको कारणले दुःख भइरहेको हो भनी बुझी दुःख हुने कार्य नगर्न सक्नु पर्दछ । चार आर्यसत्यलाई बुझी आर्य अष्टाङ्गिक मार्गमा लागी दश-वटा क्लेशलाई निर्मूल पार्न सक्नु पर्दछ । अनि मात्र दुःख हट्ने छ ।

(क) संसारको वास्तविकतालाई नबुझेको कारणले अनित्यलाई नदेखी म र मेरो भनी कराइराख्ने सक्कायदिट्ठि भन्ने अज्ञानतालाई नाश गर्न सकेमा मात्र सम्यक ज्ञान उत्पन्न हुनेछ । यसलाई दिट्ठिपहान भनिन्छ ।

(ख) पुनर्जन्म छ, वा छैन भन्ने जन्म मरण दुःखबाट मुक्त हुने मार्ग र जुनसुकै विषयमा पनि यस्तै हो भनी निर्णय गर्न नसक्ने विचिकिच्छा (शंका) नाश भएर जाने अवस्थालाई विचिकिच्छा पहान भनिन्छ ।

(ग) क्लेश नाश गर्ने काम नजानी यताउता भौंतारी ईश्वर भज्दै नदीमा नुहाई, यज्ञ, होम आदि गर्दै हिड्ने अज्ञानतालाई नाश गर्ने कार्यलाई सीलब्बत परामास पहान भनिन्छ ।

दुःख नाश गर्ने मार्ग अरू पनि छन् —लोभ क्लेश नाश गर्न त्याग चेतना चाहिन्छ । क्रोध क्लेश नाश गर्न मैत्री बलियो गरी आचरण शुद्ध गर्नुपर्छ । अज्ञानता नाश गर्न ज्ञान वृद्धि गर्नुपर्छ, विवेक बुद्धि बढाउनु पर्छ भन्ने बुझी देखावती धर्म त्यागी आफ्नो चित्त शुद्ध गर्ने तर्फ लाग्न सक्यो भने त्यसलाई सीलब्बत परामास पहान भनिन्छ । यी ३ प्रकारका क्लेश वा बन्धनबाट मुक्त हुन सक्ने व्यक्ति ४ प्रकारका अपाय (नरक) मा पर्दैन । त्यसैले बुद्धले परित्राणमा यसरी आज्ञा हुनु भएको छ— सक्कायदिट्ठि विचिकिच्छितञ्च सीलब्बतंवापि यदत्थि किञ्चि चतूह पायेहि च विप्पमुत्तो अर्थात् सत्कायदृष्टि विचिकित्सा, अन्धविश्वास आदि ३ प्रकारका क्लेश प्रहीन गरिसकेको व्यक्ति नरक, प्रेत, पशु र दैत्य आदि यी ४ योनीमा जन्म लिनु पर्दैन र निर्वाण मार्गको स्रोतापन्न तहमा पुगेको ठहरिन्छ ।

माथिका ३ वटा क्लेश बाहेक अन्य विभिन्न क्लेशलाई कम गर्दै लान सक्ने व्यक्तिलाई सकृदागामी भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

काम, राग र क्रोधको जरा समेत उखेलेर क्लेश-लाई नाश गर्न सक्ने व्यक्तिलाई अनागामी भनिन्छ ।

सम्पूर्ण क्लेशलाई निर्मूल पार्न सक्ने व्यक्ति अरहत्त हुनेछ अर्थात् निर्दोषी हुनेछ ।

यही मुक्ति वा निर्वाण मार्ग हो । यी ४ वटा मार्ग बाहेक अन्य मुक्ति मार्ग छैन । त्यसैले कुशीनगरमा बुद्ध परिनिर्वाण हुने बेलामा सुभद्र परिब्राजकले बुद्धलाई सोध्यो — भो गौतम ! तपाईं अन्तिम सैय्यामा बसिसक्नु भयो — एउटा कुरो भन्नुस् यदि अन्य धर्ममा पनि मुक्ति मार्ग छ भने म तपाईंलाई दुःख दिन चाहन्न । अन्य धर्ममा मुक्ति मार्ग छैन भने कृपया त्यो मार्ग कहाँ छ मलाई बताई दिनुस् भनी बिन्ति गर्दा बुद्धले भन्नुभयो —

आकासेव पदं नत्थि समणो नत्थि बाहिरे
पपञ्चाभिरता सत्ता नि पपञ्चा तथागता

अर्थ — "आकाशमा जसरी चराहरु धुप्रो उडी-राखेतापनि उनीहरुको खुट्टाको चिन्ह पत्ता लगाउन सकिन्न, त्यस्तै चतु आर्यसत्य र उत्तम आठवटा मार्ग (आर्य अष्टाङ्गिक मार्ग) बाहेक मुक्ति मार्ग अन्य ठाउँमा छैन ।

सत्व प्राणीहरु अनेक प्रकारका फन्फटमा परी त्यसैमा रमाइरहन्छन् । तर तथागत सबै फन्फटबाट मुक्त भइसकेको व्यक्ति हुनुहुन्छ ।"

यो बुद्ध वचनबाट स्पष्ट छ मुक्ति कहाँ छ भन्ने बारे ।

साभार – धर्मकीर्ति (बु. सं. २५१६)

★★★

## उत्तम व्यवसाय कुन हो ?

– भिक्षु अश्वघोष

यो विशेष रूपले गौतम बुद्धले गृहस्थीहरूलाई मंगलमय जीवन हुने कुरा भन्नुहुँदै भन्नुभएको हो । सबैजसो मानिसहरूले केही न केही रोजगार गरी जीविका चलाएका हुन्छन् । त्यसैले काम भनेको पछिसम्म अपजस र आरोप नआउने गरी गर्न सक्नुपर्छ ।

धेरैजसो गृहस्थीहरूले जीविकाको लागि खेती, व्यापार, पशुपालन, सरकारी जागिर, मजदूर (ज्यामी), हस्तकला आदिको काम गरेको पाइन्छ । यी मध्ये गौतम बुद्धले उत्तम रोजगार भनेर खेती (कृषि) लाई भन्नु भएको थियो । देशको आर्थिक मूलस्रोत खेती हो । यो काम निर्दोष र निष्कलंकपूर्वक गर्न सकिन्छ । पशुपालन दूध, दही र घीउको लागि र खानाको लागि गर्ने पर्छ । खेती कामको लागि खुब परिश्रम र लगनशीलता हुनु पर्छ । पानी परिरहेछ, घाम चर्को छ भनी काम नगरी बस्न पाइँदैन । असार महिनामा पानी परेको बखत रोपाई गर्ने बेला मान्छे मरेपनि मुर्दा भन्याङमुनि लुकाएर रोपाईको लागि खेततिर जानुपर्ने हुन्छ । त्यसैले बुद्धले भन्नुभएको खेती सबैभन्दा उत्तम निर्दोष जीविका कृषि हो । यो धेरै जनालाई उपकार हुने काम हो । कृषि जीवन सफल हुनको लागि ठीक समयमा खेत जोतिकन बीउ छर्नु पर्छ । रोपाई गर्नुपर्छ ।

पैसा कमाउनको लागि ठूलो रोजगार व्यापारको काम हो । तर आजभोलि इमान्दारीपूर्वक व्यापार गरेर सफलता पाउन कठीन भइरहेछ भन्ने चर्चा छ । निर्दोष-



Downloaded from http://www.dhamma.digital

पूर्ण व्यापार चलाउन अप्ठ्यारो भइरहेछ । बुद्धको भनाई अनुसार इमान्दारीपूर्वक व्यापार गर्न सके मानिहरूले विश्वास गर्छ । ग्राहक बढ्छ । पछि आकुलव्याकुल हुने अवस्था आउँदैन ।

बुद्धले भन्नुभएको थियो– व्यापार सफल हुनको लागि व्यापारीले मानिसहरूले कस्तो चीजको माग गरिरहेछ कहाँ कस्तो चीजको अभाव छ, त्यहाँ त्यो चीजको आपूर्ति गर्न सक्नुपर्छ । कुन भाउले किनेको, कति दामले बेच्ने भन्ने कुराको राम्रो ज्ञान हुनुपर्छ । अल्छी नमानीकन मेहनत गरी सामानको आपूर्ति गर्न सक्नुपर्छ ।

बौद्धहरूले गर्न नहुने व्यापार यी हुन्—

१. हिंसाको लागि पशु बिक्री गर्नु ।

२. शस्त्र–अस्त्र बेच्नु ।

३. रक्सी आदि मादक पदार्थ बेच्नु ।

४. विष बेच्नु ।

५. मानिस बेच्नु ।

आजभोलि त छोरी र आफ्नी श्रीमती पनि बेच्न थालेका छन्, बालबच्चाहरूको त कुरै छोडौं । सरकारी जागीर खाने धनको लागि मात्र नभै देश संचालनको लागि पनि हो । काम गरेर सफल नहुने जस नपाउने कारण तीन छन्—

१. ठीक समयमा काम नगर्नु ।

२. राम्रोसंग ध्यान दिएर काम नगर्नु ।

३. अल्छी हुनु ।

काममा सफलता पाउनको लागि यसरी काम गर्नुपर्छ—

१. ठीक समयमा काम शुरु गर्नुपर्छ ।

२. होशियारी र इमान्दारीका साथ काम गर्नुपर्छ ।

३. मेहनत र उत्साहपूर्वक काम गर्नु अनिवार्य छ ।

गरेको काम असफल हुनुको कारण अरू पनि छन्–

१. खेलनमा भुल्नु, यसमा भुलेपछि काम जम्मै बिग्रिन्छ ।

२. गफी हुनु, आफूमा नभएको पुरुषार्थको कुरा गर्नु । सत्य नभएको कुरा ठीक पारी कुरा गर्नमा भुल्यो भने समय बितेको थाहा हुँदैन । अनि काम केही नहुने हुन्छ ।

३. जुवाडे हुनु । यसमा लागेको खण्डमा एकै चोटी धनी हुने आशाले आफ्नो घर र खेत सखाप हुन्छ । परिवार बरबाद हुन्छ ।

४. मीठो खान पल्किनु । यसले गर्दा खानाको मात्र खोजी गर्दा काम गर्न बिग्रिन्छ ।

५. रण्डीबाजी गर्नु, स्त्रीसंग चल्नाले सम्पत्ति नाश हुन्छ । अरू केही कल्पना आउँदैन । काम जम्मै बिग्रिन्छ । विश्वास पात्र बन्न सक्दैन ।

६. रक्सीबाज बन्नु । यो अम्मलमा लागिसकेपछि बानी नै खराब हुन्छ । रक्सी नपिइकन काम गर्न सक्दैन । फेरि रक्सी खाई सकेपछि मगज ठीक हुँदैन । पागल जस्तो बन्छ । ड्राइभरहरूलाई रक्सी खानु झन खतरा छ ।

त्यसैले ठीक ढंगसंग काम गर्न सके जीवन मंगलमय हुन्छ ।

★★★

---

साँच्चै नै अन्यायी त्यो हो जसले अन्यायलाई सहेर बस्छ । – भगवान् बुद्ध



Downloaded from http://www.dhamma.digital

# पंचशील पालनको महत्व

– ज्ञानेन्द्र महर्जन
(सदस्य ध. की. बौ. अ. गोष्ठी)

यसै पवित्र भूमि नेपालमा जन्मनु भएको गौतम बुद्धले आजभन्दा लगभग २५०० वर्ष अगाडि सत्य, न्याय, मैत्री र करुणाको मूल आधारमा प्रतिपादन गर्नु भएको बोधिज्ञान आज विश्व शान्तिका लागि प्रेरक बनिरहेको छ। आज विश्व अनेक प्रकारका अशान्ति र हिंसाको बन्धनमा परी पीडित रहेकोले भविश्यका सन्ततिलाई सो पीडाबाट मुक्ति दिलाई कसरी सुरक्षित गर्ने भन्ने चिन्ताले ग्रसित रहेको आजको अवस्थामा भगवान बुद्धले दिनुभएको पंचशील बढि सान्दर्भिक हुनु स्वाभाविक छ।

कुनै प्रकारको दुःख, पीडा र चिन्ताबाट मुक्त हुनुलाई हामीले शान्ति भन्ने गर्छौं। यसलाई सम्पूर्ण मानव जातिले चाहन्छन् र यसलाई प्राप्त गर्नको लागि नै उनीहरू भौंतारिरहेका छन्। आज प्रत्येक व्यक्ति, समूह, समाज र राष्ट्र हुँदै विश्वकै लागि पनि शान्तिको अभाव एक वृहत समस्याको रूपमा खडा भैरहेको देखिन्छ। फलस्वरूप विश्व मानव जातीलाई भोलि के होला भन्ने चिन्ताले निन्द्रामा समेत पिरोली रहेको देखिन्छ। यसप्रकारको अशान्तिले मानव जातीलाई मात्र नभई पृथ्वीको सम्पूर्ण प्राणी जगतलाई समेत खलबल्याई रहेको देखिन्छ। यसको प्रमुख कारण एक अर्काप्रति विश्वास र भरोसाको अभाव भई एकले अर्कालाई शंकाको दृष्टिले हेर्ने बानी र एक राष्ट्रबाट अर्को राष्ट्रप्रति अविश्वास गरी आत्म सुरक्षाको लागि स-साना हात-हतियार देखि लिएर आणविक क्षेप्यास्त्र र शस्त्र अस्त्रको निर्माणको होडबाजीमा आफूलाई होमिरहनु हुन्। यसको कारणले गर्दा भनिन्छ आजसम्म विश्वमा १४०० पटक युद्ध भैसकेका छन् भने २० औं शताब्दीमा ठूल्ठूला विनाशकारी विश्वयुद्ध भोगिसकेका छन्।

त्यसैले अशान्तिले ग्रस्त यो संसामा शान्तिपूर्ण जीवन यापन गर्नको लागि बुद्धले दिनुभएको पंचशीललाई उपयुक्त उपाय मान्न सकिन्छ।

पंचशील भन्नाले पाँचवटा शीलको समूह भन्ने बुझिन्छ। जून यसप्रकार छन्–

१. हिंसा नगर्नु

अरूलाई दुःख हुने हिंसा अथवा हत्या नगर्नु पहिलो शील हो। यदि कसैले हत्या गऱ्यो भने हत्या गर्नासाथ ऊ सजायँको भागी बन्नेछ। हत्या गरिसकेपछि मनमा उब्जेको अशान्तिले उसलाई चैनसंग बस्न दिने छैन।

२. चोरी नगर्नु

आपनो स्वामित्व भन्दा बाहिर रहेको वस्तुलाई अरूले नदिइकन नलिनु। जब कसैले अर्काको वस्तुलाई अर्काको अनुमति बिनानै प्राप्त गर्दछ अर्थात् लोभको बसमा परीचोरी गर्दछ, उसले कहिल्यै शान्ति प्राप्त गर्न सक्दैन। लोभको बसमा परिसकेपछि जबसम्म वस्तु प्राप्त हुँदैन, तबसम्म मनमा शान्ति भंग हुन्छ भने अत्याचार गरी वस्तु प्राप्त गरिसकेपछि फन मनमा भय र डरले ठाउँ ओगटी ऊ चैनसंग निदाउन र बस्न सक्दैन।



Downloaded from http://www.dhamma.digital

३. व्यभिचार नगर्नु

आपनो पति वा पत्नीप्रति सन्तुष्ट भई ब्रह्मचर्य पालन गर्न सक्नु । तर आजभोलि कामवासना नियन्त्रण नभएकोले बलात्कार, यौन दुराचार र अनैतिक यौनाचारको प्रवृत्ति बढेको थुप्रै समाचारहरू सुन्न परि रहेको छ । फलस्वरूप एड्स जस्ता रोगको विकृतिहरूले समाजमा अशान्ति फैलाइरहेको छ । यतिमात्र होइन थुप्रै मानिसहरूमा अति लोभ र लालचको कुवानीले ठाउँ लिएको फलस्वरूप भ्रष्टाचार र अत्याचार शोषणहरू बढ्दै गएको कारणले एकले अर्काको विश्वास गर्न नसक्ने अवस्थाको सृजना भइरहेको छ यसलाई पनि व्यभिचारी कार्य भन्न सकिन्छ । यसलाई निर्मूल गर्न पनि व्यभिचार नगर्ने शीललाई पालन गर्नु जरूरी देखिन्छ ।

४. झूठो नबोल्नु

अर्कालाई जीउ, धन र यशकीर्तिमा हानी हुने तरिकाले झूठो कुरा, चुकली कुरा, कडा वचन र काम नलाग्ने कुरा जस्ता चार अकुशल कुराहरू आपनो वचन-बाट नगर्नु पनि पञ्चशील मध्ये एक उत्तम शील हो । यदि मानव जातिले सत्य र न्यायोचित वचन बोलि दिएमा कोही कसैप्रति सशंकित नभइ सम्पूर्ण व्यक्ति शान्तिपूर्वक बस्न पाउने छ ।

५. बेहोशी बनाउने नशालु पदार्थको सेवन नगर्नु

बेहोशी बनाउने नशालु पदार्थहरू, जाँड, रक्सी देखि लिएर लागु पदार्थहरूको सेवन नगर्ने । आजभोलि नशालु पदार्थ आपनो स्वास्थ्यदेखि लिएर परिवार, समाज, राष्ट्र र विश्वकै लागि ठूलो शत्रुको रूपमा खडा भएको छ । नशालु पदार्थले स्वास्थ्य, वातावरण, समाज देश र विश्वमा नै प्रतिकूल असर पार्ने भएकोले यसको सेवन नगर्नु नै आदर्शमय र बहुगुणोपकारी हुनेछ ।

आजभोलि हामीले प्रत्येक दिन समाचारको मुख्य रूप यी नै चोरी, हिंसा, व्यभिचार र लागू पदार्थ सेवन आदिमा नै अलमलिएको पाउँछौं । त्यसैले यदि पंचशील-लाई आजको मानव समुदायले राम्ररी पालन गर्न सकेको खण्डमा मानव जीवन नैतिकवान, सच्चरित्रवान र चेतनशील हुन सक्नेछ ।

जन्मदै कोही पनि बौद्ध हुँदैनन् । कर्मले मात्र बौद्ध होइन्छ । पंचशील बौद्धहरूका लागिमात्र नभई सम्पूर्ण विश्व मानव शान्तिको लागि नै उत्तम मार्ग हो । पंचशीलको मूल विशेषता आफू र अरूमा समान भाव राखी आफू सहित अरूको पनि भलो चाहनु र शान्तिको मार्गदर्शक बन्न सक्नु हो । ★★★

# मानिसको आदत बानी

– हरिकृष्ण श्रेष्ठ, धरान–१२

मज्जा र आनन्दमा त्यो समय थोरै हुन्छ,
दुःख र पीरमा त्यै समय धेरै हुन्छ ।
कसैबाट पाउनु पर्ने पैसा थोरै हुन्छ,
यदि कसैलाई त्यै पैसा दिन परे बढी हुन्छ ।

आफूले गरेको काम सबै राम्रो लाग्छ,
अर्काको कामलाई गल्ती देख्छ ।
आफूले बोलेको आवाज सबै ठीक सम्झन्छ
अर्कले ठीक बोलेमा पनि खण्डन गर्छ ।

कस्तो स्वार्थी छ, मानिस !
आफ्नो आङ्मा भैंसी देख्दैन,
अर्काको आङ्मा जुम्रा देख्दछ ।
तल्लो जातिलाई घृणा गर्छ,
कसैले उसलाई घृणा गरे ऊ विरोध गर्छ ।
कसले मूल्याङ्कन गर्ने हे प्रभु !
सबै मानिसको बानी उस्तै उस्तै हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# कुकुर बोधिसत्व

– कमलतारा स्थापित
अनुवादक – अ. वीर्यवती

बोधिसत्व भन्ने बित्तिकै यसको अर्थ हामीलाई थाहा नै छ, भविष्यको बुद्ध भनेर। बुद्ध बन्नको लागि थुप्रै पारमिता गुण धर्म पूरा गर्नु पर्दछ। जे होस्, बुद्ध हुनको लागि चाहिने बीउ बोकेर आएको व्यक्तिलाई नै बोधिसत्व भनिन्छ। प्रश्न उठ्न सक्छ, बुद्ध हुनको लागि चाहिने बीउलाई के भनिन्छ ?

यसको उत्तर हो यथार्थ ज्ञान। यथार्थ ज्ञान भएको व्यक्तिलाई नै बोधिसत्व भनिन्छ। यथार्थ ज्ञान भनेको साधारण मानिसहरूको स्वार्थी र मतलबी बन्ने ज्ञान होइन। अरूको उपकार गर्ने चिन्ता र बुद्धि भएको लक्षणलाई व्यवहारमा उतारी देखाउन सक्ने व्यक्ति मात्र बोधिसत्व हुन सक्छ। बहुजन हिताय हुने काम गरेर देखाउने व्यक्ति नै बोधिसत्व हुन सक्छ। बोधिसत्व पशु भई जन्मेता पनि परोपकारको लागि आफ्नो प्राण अर्पण गर्न पनि तयार हुन्छ। उदाहरणको लागि बोधिसत्व कुकुर भएर जन्मेको बेला अरूलाई उपकार गरेको जातक कथा एउटा उल्लेख गर्न चाहन्छु।

धेरै वर्ष अगाडी वाराणसी देशमा ब्रह्मदत्त राजाको पालामा बोधिसत्व कुकुर भई जन्म लिएको रहेछ। त्यस कुकुरको परिवार पनि ठूलो थियो। ती कुकुरको परिवार सबैले एक मसानमा रही आफ्नो जीविका चलाइरहेका थिए।

एकदिनको कुरो, राजा केही कारणबस एक ठाउँमा सवारी भई राती अबेला पानी परिरहेको बेला फर्केको थियो। रातभरी पानी परेको हुनाले बग्गी पनि निथ्रुक्क भिजेको थियो। दरबार भित्रका कुकुरहरूले पानीले भिजी नरम बनेको बग्गीको छालालाई टोकी टोकी खाइदिएछ। भोलीपल्ट विहानै कर्मचारीहरूले यो दृश्य देखी राजाकहाँ गई यो खबर जाहेर गर्न पुगे। खबर सुन्ने बित्तिकै राजा रीसले चूर भई हुकुम भयो— "शहरमा रहेका सबै कुकुरहरूलाई मारिदिनु।" राजाको हुकुम पाउने बित्तिकै कर्मचारीहरूले अगाडी भेटिने जति सबै कुकुरहरू मारिदिए।

कुकुरहरूको यस्तो दुर्दशा देखी शहरका कुकुरहरूको जमात मिलेर बोधिसत्व बसेको मशानमा गई आफ्नो दुःख पोखदै भने—"राजदरबारको बग्गीको छाला केही कुकुरहरूले खाइदिएछ। त्यसैले सिपाहिहरूले कुकुरहरूलाई देख्ने बित्तिकै मारिरहेका छन्। त्यसैले हामी शहरमा बस्न नसकी यहाँ शरण लिन आइराखेका छौं।"

यो कुरो सुनी बोधिसत्व कुकुरले विचार गर्‍यो— बग्गीको छाला दरबार भित्रका कुकुरहरूले नै खाएको हुनुपर्छ। किनकि दरबार भित्रको छाला दरबार बाहिरका कुकुरहरू गई खान सक्दैनन्। चोरलाई केही दुःख भएन। तर निर्दोषी कुकुरहरूले नचाहिंदो सजायँ भोग्नु परिराखेको, आफ्ना यी निरपराधी बन्धुवर्गहरूलाई परेको आपदबाट बचाउन आज मैले आफ्नो प्राण नै त्याग्नु परेपनि पछि हट्दिन। अनि कुकुर बोधिसत्वले आफुकहाँ शरण लिन आएका कुकुरहरूलाई धैर्य दिदै भने—"साथीहरू हो! नडराउनु, म राजाकहाँ गई अभयदान लिएरै आउनेछु, म फर्केर नआएसम्म तिमीहरू यहिं बसिराख्नु।"

यति भनी कुकुर बोधिसत्व कसैले नदेख्ने गरी मौका छोपी राजाकहाँ गई प्रश्न गरे—"महाराज!



Downloaded from http://www.dhamma.digital

तपाईंले कुकुरहरू सबैलाई मार्नु भन्ने आज्ञा दिनु भएको हो ?"

राजाले भने—"राजदरबार भित्रका कुकुरहरू बाहेक अरू सबैलाई मार्नु भनी हुकुम दिएको हुँ।"

कुकुर बोधिसत्व—"महाराज ! बग्गीको छाला कसले खाएको भन्ने कुरा के तपाईंलाई थाहा छ ?"

राजा—"त्यो कुरो त थाहा छैन।"

कुकुर बोधिसत्व—"कसले खाएको हो भन्ने कुरो थाहै नपाइकन कुकुरहरूलाई मार्न हुन्छ त ? फेरि दरबार भित्रका कुकुरहरूलाई भने मार्न नपाउनु रे। महाराज ! यहाँत अन्याय भइरहेको छ नि। राजा भएर त निष्पक्ष र न्यायपूर्वक शासन चलाउनु पर्छ। यो काम त तपाईंको राज धर्मलाई सुहाउँदो काम भएन नि।"

यो कुरो सुनी राजाले भने—"हे पण्डित ! बग्गीको छाला कसले खाएको हो भन्ने कुरो तिमीलाई थाहा छ त ?"

"थाहा छ महाराज।"

"कसले खाएको त ?"

"तपाईंको दरबार निवासी कुकुरहरूले।"

"दरबार निवासी कुकुरहरूले नै खाएको हो भन्ने कुरो तिमीले कसरी थाहा पायौ त ?"

"बाहिरका कुकुरहरू दरबारभित्र पस्न असम्भव छ।"

"दरबार भित्रका कुकुरहरूले खाएको हो भन्ने के प्रमाण छ त ?"

"त्यसो भए महाराज ! दरबार भित्रका कुकुरहरू सबैलाई एक ठाउँमा जम्मा गर्नुस्। उनीहरूलाई घाँसका टुक्राहरू मिसाई मही खुवाई दिनुस्।"

राजाले त्यसै गरेर परिक्षा गर्दा छाला खाने कुकुरहरूले मही सँगसँगै छालाका टुक्राहरू पनि बान्ता गर्न थाले। बोधिसत्वको यो प्रमाण सहितको कुराले राजा ज्यादै खुशी भयो। राजाले बोधिसत्वलाई सेतो छत्रले ओढाई सत्कार गरे।

बोधिसत्वले राजालाई यसरी उपदेश दिंदै भने—"महाराज ! धर्म आचरण गर्नुहोस्। कर्मचारीहरूलाई दया गर्नुहोस्। सबै प्रजालाई समदृष्ठि राख्ने प्रयत्न गर्नुहोस्। पञ्चशील पालन गर्नुस्।"

बोधिसत्वको कुरा सुनी राजाले कुकुरहरू सबैलाई अभयदान दिए।

साभार – धर्मकीर्ति (बु. सं. २५१६)

★★★

---

योगीहरूको माझमा बुद्ध एउटा चक्रवर्ती सम्राट हुन्। – शङ्कराचार्य

जातिवाद भएको ठाउँमा बुद्ध धर्म विकास हुन सक्दैन, जातिवाद नभएको ठाउँमा ब्राह्मण धर्म टिक्न सक्दैन। – महापण्डित राहुलसांकृत्यायन

बुद्ध धर्म र आधुनिक विज्ञानको विषयमा एउटा बलियो सम्बन्ध छ। – सर बडवीन अनील्ड



Downloaded from http://www.dhamma.digital

गत अंकको बाँकी अंश

# बुद्ध शासनमा नारीहरूको देन विषयक विचार गोष्ठीको समिक्षात्मक रिपोर्ट

प्रस्तुति – रीना बनिया

प्रफुल्ल कमल ताम्राकार ("बुद्धकालीन एतदग्ग प्राप्त उपासिकाहरूको बुद्ध शासनमा देन" विषयक दोस्रो कार्यपत्र प्रस्तुतकर्ता)

कुनै घर, गाउँ र देशमा एकता बनाई राख्न प्रत्येक नागरिकले आफ्नो कर्तव्य इमान्दारीपूर्वक पूरा गर्नु नै धर्म हो। बुद्धको धर्ममा नारी र पुरुषको बिचमा कुनै भेदभाव छैन। भगवान् बुद्धले वैशाली देशका बज्जिहरूलाई सातवटा अपरिहानिय धर्म बताउनु भएको उपदेशबाट यो कुरा स्पष्ट हुन्छ जसमा भनिएको छ जहाँ नारीहरूको लागि उचित स्थान हुन्छ त्यहाँ उन्नति हुन्छ।

हाम्रो देश र समाजमा महिला वर्गलाई निम्न दर्जामा राख्ने प्रचलन अझै धेरै बाँकी छ। आमाको गर्भैदेखि छोरीलाई हेला गर्ने प्रचलन छ। नेपालका बौद्धहरूमा हिन्दू धर्मको प्रभाव बढि परेकोले नारीलाई हेला गर्ने प्रचलन बढि देखिन्छ। हिन्दू धर्म र संस्कृतिमा नारी जातिलाई धेरै नै अवहेलना गरेको पाइन्छ।

मानव समाज विकास गर्नलाई नभई नहुने एउटा तत्व स्वतन्त्र चिन्तन हो। स्वतन्त्र चिन्तन बौद्ध धर्मको एउटा विशेषता हो। यही कारण हो बुद्धको पालामा पुरुष वर्गमा मात्र होइन महिला वर्गमा पनि विशिष्ट व्यक्तिहरू उदय भएर गए। कुनै विषय वा क्षेत्रमा विशेषज्ञ वा अग्र भएका भिक्षु, भिक्षुणी वा उपासक उपासिकाहरूलाई भगवान् बुद्धले 'एतदग्ग' पदवी दिनु हुन्थ्यो। विभिन्न विषयमा यसरी 'एतदग्ग' पदवी प्राप्त गरेका बुद्धकालीन दशजना उपासिकाहरूको वर्णन निम्नानुसार छ :—

सुजाताले सिद्धार्थलाई क्षीर भोजन दान गरेर बुद्धत्व प्राप्त गर्ने काममा मद्दत गरिन्। बुद्धत्व प्राप्त पछि सबैभन्दा पहिले बुद्धको शरणमा गएर एतदग्ग स्थान प्राप्त गरिन्। अति विशिष्ट गुण भएका विशाखाले आठ प्रकारको वस्तु दान गर्ने अनुमति भगवान् बुद्धसंग लिइन्। दान दिनेमा अग्र स्थान प्राप्त गरी श्रद्धाको अनुपम उपमा देखाएर गइन्। महारानी श्यामावतीको सेवामा रहेका खुज्जुत्तरा उपासिका बहुश्रुत अथवा राम्ररी आफूले उपदेश सुनेर अरूलाई पनि उस्तै गरी बताउन सक्ने मध्ये अग्र थिइन्। स्वयं भगवान् बुद्धले उनको स्मरण शक्ति र प्रज्ञालाई प्रशंसा गर्दै खुज्जुत्तरा जस्तै बन्न सिक भनी समस्त नारीवर्गलाई आह्वान गर्नुभएको थियो। आफ्ना सौताले षडयन्त्र गरी आगोमा जलाई मार्न लागेको बेलामा पनि मैत्रीभाव गरी मार्गफलमा लागेका महारानी श्यामावतीलाई भगवान् बुद्धले मैत्री भावना गर्नमा अग्र व्यक्ति भनेर स्थान दिनुभयो। उत्तरा उपासिकाले क्रोधलाई अक्रोधले जितिन्। एउटा शत्रुलाई प्रेरणा दिएर जीवन सुधार गर्ने अवसर दिइन्।

उपासिका सुप्रवासाको निस्वार्थ दान देखी प्रसन्न भएर भगवान् बुद्धले तिनलाई उत्तम दान दिने उपासिकामध्ये श्रेष्ठ भनी अग्र पदवी दिनुभयो।



Downloaded from http://www.dhamma.digital

उपासिका सुप्रियाको श्रद्धा सेवा भावना तथा तहल गर्ने सद्गुणलाई हामीले सम्झन योग्य छ। भगवान् बुद्धले रोगी सेवा गर्ने उपासिकामध्ये सुप्रिया अग्र भनेर तिनलाई एतदग्ग पदवी दिनुभयो। उपासिका कात्यायनीले भौतिक धनलाई भन्दा अलौकिक धनलाई मूल्यवान भनी बुझी लिइन्। जसलाई भगवान् बुद्धले अति नै प्रसन्न भएर बस्ने उपासिकामध्ये अग्र भनी पदवी दिनुभयो। उपासिका नकुलमातालाई उनको गुणको वर्णन गर्दै भगवान् बुद्धले विश्वासीनि उपासिकामध्ये अग्र भनी पदवी दिनुभयो। कालि उपासिकाले भगवान् बुद्धको दर्शन नै नपाएको बेलामा कसैले भगवान् बुद्धको वर्णन गरेको सुनेर त्यहि नै श्रोतापन्न फल प्राप्त गरिन्। बुद्ध धर्मको इतिहासमा सबैभन्दा पहिले श्रोतापन्न भएकी कालि उपासिकालाई भगवान् बुद्धले अनुश्रवणबाट प्रसन्न हुनेमा अग्र भनी पदवी दिनुभयो।

उपरोक्त दशजना बुद्धकालीन उपासिकाहरूले महिला भएर पनि पुरुष सरह बुद्धप्रति श्रद्धा राखी बुद्ध धर्मको अनुशरण गर्दै बुद्ध धर्ममा उल्लेखनीय योगदान दिएर गएका छन्।

अमिता धाखवा (दोस्रो कार्यपत्रको टिप्पणीकार)

आजको आधुनिक युगमा देशको राजनैतिक आर्थिक क्षेत्रमा महिलाको हक, अधिकारको कुरा भइरहेको बेलामा 'धार्मिक क्षेत्रमा पनि महिलाहरूको देन' आजको विषय, आजको सन्दर्भमा समसामयिक छ।

लेखमा उपासिकाको अर्थ अरूलाई सहयोग गर्ने भनिएको छ। यो परिभाषा सीमित भयो। उपासिकाको अर्थ बुद्ध धर्म र संघको शरण गएका, त्रिरत्नको सँगै रहेका र पञ्चशील पालना गरेका, अगाडि बढ्ने क्षमता भएका नारी हो भनी बुझी लिनु पर्छ।

नेपाली समाजमा महिलाहरूलाई पुरुषहरूलाई जति सम्मान छैन। छोराले काजक्रिया गरेमा मात्र आमाबाबु स्वर्ग पुग्नेछ भन्ने अबौद्ध धारणा बौद्धहरूमा पनि छ। बुद्ध धर्म अनुसार यो धारणा मिल्दैन। बुद्ध धर्म अनुसार प्राणीहरूले आ-आफ्नो कर्म अनुसार कर्मफल पाउँछन्। भगवान् बुद्धले राजा प्रसेनजीतको छोरी पाएको बेलामा भन्नुभएको कुरा उल्लेखनीय छ।

लेखमा दशजना उपासिकाहरूको गुण विशेषता जीवनी घटनाक्रम दिइएको सरल र विस्तृत भएर राम्रो छ। त्यसमा उपासिकाहरूलाई एतदग्ग के कारणले दिइयो, उनीहरूले के कस्तो देन छोडेर गए भन्ने कुराको अन्वेषण भए अझ बढि राम्रो हुने थियो।

धर्मको अर्थ लेखमा दिइएको आंशिकरूपमा मात्र सत्य छ। आध्यात्मिक सत्य वा धर्म जुन धारण गर्न सकिन्छ त्यसको पनि उल्लेख हुनु पर्छ।

लेखमा बुद्ध धर्मको विशेषता देखाउन अरू धर्मलाई आक्षेप गरिएको छ। बुद्ध धर्मलाई ठूलो देखाउन अरू धर्मलाई आक्षेप गर्न आवश्यक देखिदैन।

महिलाहरूलाई महिलाहरूले नै शोषण गर्छन् भन्नुको सट्टा अप्रत्यक्ष रूपले महिलाहरूको उत्थानको लागि महिलाहरू नै अगाडि बढ्नु पर्छ भनिएको भए विषय धार्मिक पक्षमा जाने थियो।

विशाखा, श्यामावती, उत्तरा, सुप्रवासा आदि जस्ता बुद्धकालीन उपासिकाहरूको गुण स्मरण गर्नु हाम्रो लागि प्रेरणादायक छ। आध्यात्मिक उन्नतिको क्षेत्रमा भगवान् बुद्धले महिलाहरूलाई पनि समान स्थान दिनु भएकोमा बुद्धकालीन विशिष्ट महिलाहरूले आ-आफूले पनि ज्ञान प्राप्त गरेर बुद्ध शासनमा देन छोडेर गए। त्यसबाट प्रेरणा लिएर वर्तमानमा पनि हामीले केही न केही गर्न सक्नेछौं भन्ने आशा छ। ★ क्रमशः



Downloaded from http://www.dhamma.digital

## सुलक्षणकीर्ति विहारको शिलान्यास

२०५३ आश्वीन १२ गते—शुलक्षण तीर्थ, सुन्दरीघाट चोभारमा धर्मकीर्ति विहारबाट संचालन हुने गरी निर्माण हुन लागिराखेको सुलक्षणकीर्ति विहार जनसंख्या तथा वातावरण मन्त्री श्री प्रकाशमान सिंहबाट शिलान्यास गर्नुभएको छ। उक्त समारोहमा बोल्नुहुँदै मन्त्रीज्यूले भन्नुभयो—"यस्तो विहार निर्माण कार्यले बुद्ध शिक्षा प्रचार प्रसार गर्नको लागि बढि टेवा पुग्नेछ।"

सो कार्यक्रममा स्वागत भाषण गर्नुहुँदै निर्माण कमितिका अध्यक्ष अनगारिका अनोजा—"स्कूल, विहार, अतिथि-गृह र बुद्ध परिनिर्वाण मन्दिर बनाउने भएपनि यस विहार निर्माणकार्यको मुख्य लक्ष त बुद्ध शिक्षा अध्ययन गराउने स्कूल स्थापना नै हुनेछ।"

अनगारिका धम्मवती (अध्यक्ष धर्मकीर्ति विहार)

नेपालमा छोरा र छोरीलाई समान गर्नुपर्छ भनी जति प्रचार प्रसार गरे पनि ती दुई बिच भेदभाव यथावत रहेकोले यस विहारमा छात्राहरू र अनाथहरूलाई अध्ययन गराउन बढि जोड दिनु आवश्यक देखिन्छ।"

भिक्षु अग्गनन्द—"अध्ययन गर्ने मौका पाएन भने बुद्ध शिक्षा प्रचार प्रसार गर्न नसकिने हुनाले यस्तो स्कूल निर्माण हुन सकेमा बुद्ध शिक्षा अध्ययन गर्नको लागि बिदेशीनु पर्ने बाध्यतालाई केही हदसम्म भएपनि घटाउन सक्ने देखिन्छ।"

स्व. तुतुदास मानन्धर र भैरब गुर्जुको सक्रियताबाट चन्दा संकलन गरिएकोमा श्री नन्दसिद्धि बज्राचार्यको सहयोग समेत गरी १-१३-० जग्गा किनी दातृ परिवारहरूको समेत पूर्ण सहयोगबाट २०५१ चैत्र २६ गते विहार बनाउनको लागि सो जग्गा धर्मकीर्ति विहारको नाममा दान गरिएको थियो।

करीब १२ करोड खर्च लाग्ने अनुमान गरिएको उक्त निर्माणाधीन विहारमा १ तल्लामा ३ कोठा भएको १५०० वर्ग फीटको स्कूल, १६०० वर्ग फीटको हल, ८ कोठाको विहार, ३९०० वर्ग फीट ३ तल्ला भित्र ३० कोठाको पाहुना-गृह र परिनिर्वाण मूर्ति सहितको एक मन्दीर निर्माण गरिने भएको छ। सो विहारमा निरन्तर काम गर्न सकेमा करिब २ वर्ष भित्र निर्माण कार्य सम्पन्न हुने अनुमान गरिएको छ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव श्री अगम्यरत्न कंसाकारबाट संचालित उक्त कार्यक्रममा सोही गोष्ठीका सदस्य श्री मदनरत्न मानन्धर, श्री भीमबहादुर श्रेष्ठ र पाण्डव मालीले आ-आपनो मन्तव्य व्यक्त गर्नुभएको थियो भने विहार निर्माण कमितिका सचिव श्री हरिमान रंजितले धन्यवाद ज्ञापन गर्नुभएको थियो। उक्त दिन जलपान र भोजनको लागि धर्मकीर्ति विहारको बुद्ध-पूजा मिसा पुचः, मिजं पुचः र कालीमाटी पुचःबाट आवश्यक सहयोग पुऱ्याइएको थियो।

## पनौतीमा धर्म प्रचार कार्यक्रम

२०५३ आश्वीन १८ गते

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको विभिन्न लक्षहरू मध्ये गाउँ-गाउँमा गई धर्म प्रचार गर्ने लक्ष अनुरूप काशीवर्ण बुद्ध विहार (पनौती बुद्ध विहार) पनौतीमा एक प्रवचन गोष्ठी कार्यक्रमको आयोजना गरियो।

अध्ययन गोष्ठीका सचिव श्री अगम्यरत्न कंसाकारले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा प्रवचन गर्नु हुनेहरू यसप्रकार हुनुहुन्थ्यो।



Downloaded from http://www.dhamma.digital

भिक्षु अश्वघोष (अध्यक्ष गोष्ठीका धर्मानुशासक)

ज्ञानगुणका कुरा सुनेर र सुनाएर नै धर्म प्रचार हुन्छ, ज्ञान भनेको बाहिरबाट प्राप्त गरी त्यसलाई चिन्तन मनन गरी अभ्यास गरी ज्ञानी होइन्छ। ज्ञानी व्यक्तिको राम्रो व्यवहारबाट अरूको उपकार हुने गर्छ जसबाट उ सबैको प्रिय पात्र बन्न पुग्छ। त्यसैले बुद्ध शिक्षा अनुसार धर्म भनेको उमेर छँदा नै गर्नुपर्ने भएको हुँदा बालककालदेखि नै धर्मलाई व्यवहारमा उतार्न सक्नु राम्रो हुनेछ।

अनगारिका धम्मवती (अध्ययन गोष्ठीका अध्यक्ष)

अशक्त सुत्केरी बघिनीले आफ्ना बच्चाहरूलाई दुध खुवाउन नसकिराखेको देखी बालहत्या हुनबाट रोक्नको लागि महासत्व राजकुमारले जिउँदै आफ्नो मासु काटी खुवाएको ठाउँलाई अहिले नमो बुद्ध भन्ने चलन छ। त्यस राजकुमारको दरबार पनौती हो। यसरी नमो बुद्ध र पनौतीको राम्रो सम्बन्ध रहेको देखिन्छ। यो कथा जापानसम्म प्रचलित भए पनि नेपालमा यसबारे कुनै चासो भएको देखिंदैन। त्यसकारण यस क्षेत्रको महत्वलाई बुझी यसलाई पर्यटन क्षेत्रको रूपमा विकास गर्न सक्ने सम्भावना हुँदा हुँदै पनि सो हुन सकिराखेको छैन।

अनगारिका सत्यपारमी
(आवासिय अनगारिका पनौती बुद्ध विहार)

मैलो मनलाई सफा गर्ने साधन प्रज्ञा नै हो। यसैं मार्फत तृष्णालाई नास गरी दुःखबाट मुक्त हुन सक्छौं। जस्तो रोप्यो उस्तै फल प्राप्त हुने भएकोले जीवनका लागि उपयुक्त प्रचार प्रसार गर्नु आजको आवश्यकता भएको छ।

सो कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू श्रीमती बिमला शाक्य, सुश्री तारा महर्जन, सुश्री सुनीता बज्राचार्य, श्री ज्ञानेन्द्र महर्जन, श्री रोशन काजी तुलाधर र सुश्री कल्पना शाक्यले आ–आफ्नो लेख रचनाहरू पढेर सुनाउनु भएका थिए।

अध्ययन गोष्ठीका सदस्य श्री अनिलकृष्ण जोशीले धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रम सोही गोष्ठीका सह-सचिव अरुण सिद्धि तुलाधरले संचालन गर्नुभएको थियो।

कठिन चीवर दान
२०५३ आश्वीन २६ गते

यसदिन अध्ययन गोष्ठीका सदस्य श्री मदनरत्न मानन्धरले अध्ययन गोष्ठीका साप्ताहिक शनिवारीय कक्षामा बोल्नु हुँदै भन्नुभयो—"सिद्धार्थ कुमारले बोधि-ज्ञान प्राप्त गरी २० वर्ष पछि मात्र भिक्षु, भिक्षुणी विनयको प्रतिपादन गर्नुभएको थियो। एकदिन पावा नगरका तिस भद्रिय भिक्षु कहलाइएका ३० जवान भिक्षुहरू वर्षातमा वर्षाले निथ्रुक्क भिजेर धेरै नाजुक अवस्थामा श्रावस्ती नगरमा पुग्नु भएका थिए। वहाँहरू त्रि चीवर (संघाती, अन्तरवास र चीवर) धारी भिक्षु हुनु भएकोले वहाँहरूसँग अरू जगेडा चीवर पनि थिएन। यस घटनाले भविष्यमा भिक्षुहरूप्रति आइपर्ने समस्या-लाई बोध गराइएको हुनाले तथागत बुद्धले वर्षावास बस्नु भएका भिक्षुहरूलाई "कठिन चीवर" दान गर्नु उत्तम कार्य हो भन्ने विषयमा देशना गर्नुभएको बुझिन्छ। तथागतको यस उत्तम देशनालाई अनुशरण गर्दै हालसम्म पनि बौद्धहरूले यस कठिन चीवर दान प्रथालाई मनाउँदै आइरहेका छन्।"

कठिन चीवर दान लिन योग्य व्यक्तिहरूमा हुनुपर्ने विशेषताहरू र कठिन चीवर दानमा हुनुपर्ने विशेषताहरू बारे प्रकाश पार्नु हुँदै उहाँले भन्नुभयो "कठिन चीवर" दानका केही विशेषताहरू यसप्रकार छन्:—

१. उपसम्पदा भएका भिक्षुले पूर्णरूपमा वर्षाबासको नियमलाई पालन गरेको हुनुपर्छ।



Downloaded from http://www.dhamma.digital

२. आश्वीन पूर्णिमा देखि कार्तिक पूर्णिमा भित्र कठिन चीवर दान गरेको हुनुपर्छ ।
३. एक वर्षमा एउटै विहारमा मात्र चीवर दान गर्न सकिन्छ ।
४. पूर्णरूपमा वर्षावास बस्नुभएका भिक्षुहरूले मात्र कठिन चीवरको हकदारी बन्न पाउने ।
५. वर्षावास बसेको भिक्षुलाई नभई भिक्षु संघलाई कठिन चीवर दान गरेको हुनुपर्छ ।

यसरी भिक्षु संघको नाममा दान गरिएको सो चीवर पछि सीमा गृह वा नदी बीच कसैको व्यक्तिगत हक नलागेको स्थानमा बसी भिक्षु संघद्वारा नै कसलाई दिने हो भनी निर्णय गरिन्छ । यसलाई दिने भनी निर्णय भइसकेपछि मात्र त्यस कठिन चीवरको जिम्मा लगाइन्छ । यसरी विभिन्न विशेषतालाई अंगालेको चीवर भएकोले नै यस चीवरलाई कठिन चीवर भनिएको हो ।"

गोष्ठीका सदस्य श्री ध्रुवरत्न स्थापितको सभापतित्वमा संचालित उक्त कार्यक्रमका संचालक र रिपोर्टर क्रमशः श्री इन्द्रकुमार नकर्मी र श्री अनिल श्रेष्ठ हुनुहुन्थ्यो ।

## वर्षावास

### २०५३ कार्तिक ३ गते

यसदिन अध्ययन गोष्ठीको सनिवारिय साप्ताहिक कक्षामा गोष्ठीका धर्मानुशासक पूज्य भिक्षु अश्वघोष महास्थविरले "वर्षावास" विषयमा जानकारी दिने सिलसिलामा भन्नुभयो—"भिक्षुहरूले वर्षाकालमा पनि बालीनाली नाश गरी, कीरा फटेंग्राहरूलाई कुल्चेर यताउता हिंडीराखेको भन्दै अन्य धर्मावलम्बीहरूबाट लगाइएको लाञ्छना र अपवादबाट बच्नका लागि तथागत बुद्धले असार पूर्णिमा देखि श्रावण, भाद्र र आश्वीन पूर्णिमा गरी तीन महिना वर्षायाममा एकै ठाउँमा वर्षावास बस्नुपर्ने नियमको प्रतिपादन गर्नुभएको थियो ।"

वर्षावासको महत्वलाई प्रकाश पार्नु हुँदै वहाँले फेरि भन्नुभयो—"वर्षावास बस्ने समयमा आफूभन्दा ठूलाबडा विद्वान भिक्षुहरूको संगत गरी विभिन्न ज्ञान हासिल गर्न सकिने, ध्यानभावना गरी आध्यात्मिक उन्नति गर्न मौका मिल्ने, वर्षातको पानीबाट बची स्वास्थ्यलाई हानी नपुग्ने, उपासक उपासिकाहरूलाई पनि प्रशस्त मात्रामा अटूटरूपले धार्मिक ज्ञान गुणका कुराहरू बारे देशना गर्न मिल्ने हुनाले करुणानिधि बुद्धले यस नियमलाई शुरुबाट गर्नुभएको हो । बल्की अपवादबाट बच्नको लागि मात्र होइन । यस बाहेक भिक्षा प्राप्त नभएमा, जंगली जन्तु र चोर आदिको भय भई वर्षावास बस्नका लागि अनकूल वातावरण नभएमा सो ठाउँ छोड्न सकिने र मसान, छाना र ढोका नभएको कुटी आदिमा वर्षावास बस्न नहुने आदि विषयमा पनि प्रकाश पार्नुभएको देखिन्छ ।"

महामानव बुद्ध कट्टरपन्थी नभई प्रजातन्त्रवादी हुनुहुन्छ भन्ने विषयलाई प्रष्ट पार्नु हुँदै उहाँले फेरि भन्नुभयो—"३ महिनासम्म भिक्षुहरू एउटै ठाउँमा बस्नुहुँदा आफ्ना आमाबुबा बिरामी परेको समयमा बोलाउन पठाउँदा समेत जान नमिल्ने गरी नियमले बाँधिएको हुनाले "यो कस्तो धर्म ? आफ्ना आमाबुबा बिरामी पर्दा पनि सेवा गर्न घर जान नमिल्ने भन्दै अर्को लाञ्छना लाग्न थाल्यो । त्यसैले यस अपवादबाट बच्नका लागि ७ दिन भित्र फर्कन पर्ने गरी सत्ताहकरण गरी धर्म प्रचार, धर्मदेशना र आफ्ना आमाबुबा बिरामी पर्दा जान मिल्ने गरी पहिलाको नियमलाई संशोधन गरी मानिस नियमको लागि होइन बरू नियम मानिसको लागि हो भन्ने कुरालाई प्रमाणित गर्नुभयो ।"

अध्ययन गोष्ठीका सदस्य श्री सुरेश शाक्यको सभापतित्वमा संचालित उक्त कक्षाको संचालक र रिपोर्टर क्रमशः श्री इन्द्रकुमार नकर्मी र श्री नरेन्द्र महर्जन हुनुहुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

## बौद्ध सांस्कृतिक प्रशिक्षण

नगर मण्डप श्रीकीर्ति विहार कीर्तिपुरमा लुम्बिनी र कपिलवस्तु क्षेत्रका माध्यमिक विद्यालयहरूका ५० जना छात्र–छात्राहरूको नौ दिने बौद्ध साँस्कृतिक प्रशिक्षण गोष्ठीको समुद्‌घाटन निर्माण तथा यातायात मन्त्री विजयकुमार गच्छदारले गर्नुभएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार समुद्‌घाटन समारोहमा बोल्दै निर्माण तथा यातायात मन्त्रीले भन्नुभयो— "नेपाल बुद्धको देश हो। शान्तिको देश हो। उहाँले अगाडी भन्नुभयो श्री ५ को सरकार लुम्बिनी र कपिलवस्तुको विकासका लागि साधनले भ्याएसम्म लागेको छ। कतै केही कमि भए त्यतातिर पनि सजग रहनेछ।

समारोहमा गोष्ठीको प्रायोजक हिमाल बौद्ध प्रशिक्षण संस्थाका सचिव मीनबहादुर शाक्यले कपिलवस्तुको सम्यक र व्यापक प्रचार प्रसारको आवश्यकता औंल्याउंदै भन्नुभयो यो हाम्रो गोष्ठीको आयोजना कपिलवस्तु र लुम्बिनी क्षेत्रका छात्रछात्राहरूमा लुम्बिनी र कपिलवस्तु बारेमा जानकारी दिने हुनाले यही आवश्यकताको एक अंग हो।

समारोहमा थारू भाषा साहित्य परिषद् कपिलवस्तु जिल्लाका अध्यक्ष शेषराम चौधरी, थारू कल्याणकारिणी सभा कपिलवस्तु जिल्लाका उपाध्यक्ष नागेन्द्र प्रसाद चौधरी थारू र रूरल इललिटरेसी सोसाइटी एडुकेशनका अध्यक्ष जीतबहादुर चौधरी र भिक्षु सुगन्धले पनि गोष्ठीको उपादेयता बारेमा बोल्नु भएको थियो।

उद्‌घाटन समारोहको अध्यक्षीय आशनबाट बोल्नु हुंदै हिमाली बौद्ध प्रशिक्षण संस्थाका अध्यक्ष तथा विहारको प्रमुख भिक्षु सुदर्शन महास्थविरले भन्नुभयो, यस ९ दिने प्रशिक्षणमा बुद्ध जीवनी सम्बन्धी र बुद्धको उपदेश र दर्शनलाई सर्वप्रथम बुझ्ने तथा त्यस्तै लुम्बिनी कपिलवस्तु, रामग्राम र देवदहको बारेमा बोध गराउने छ। यस गोष्ठीको उद्देश्य कपिलवस्तु र लुम्बिनी क्षेत्रका युवा वर्गमा लुम्बिनी र कपिलवस्तुको महत्व बोध गराई सांस्कृतिक क्षेत्रमा ममता जगाउनु हो।

प्रशिक्षण गोष्ठीमा कपिलवस्तुका नेपाल आदर्श माध्यमिक विद्यालय शिवपुर, जनकल्याण माध्यमिक विद्यालय वरकुलपुल, भृकुटी माध्यमिक विद्यालय बुड्ढी, गौतम बुद्ध माध्यमिक विद्यालय गौरसिहिया, सिद्धार्थ स्मारक माध्यमिक विद्यालय भेलाई, जनज्योति माध्यमिक विद्यालय मोतिपुर, श्री ५ महेन्द्र माध्यमिक विद्यालय गोपवा, कनकमुनि माध्यमिक विद्यालय श्रीनगर, वाणगंगा माध्यमिक विद्यालय गजेहडा, हेमराज माध्यमिक विद्यालय हथौसा, लुम्बिनीका जनता माध्यमिक विद्यालय पिपरा, नवरत्न माध्यमिक विद्यालय सेमलार, श्री माध्यमिक विद्यालयका विद्यार्थीहरू सहभागी भएका थिए।

## युवक बौद्ध मण्डलको गतिविधि

युवक बौद्ध मण्डल (Y. M. B. A. Nepal) ले अटूट रूपमा संचालन गरिंदै आइरहेको शनीवारीय प्रवचन कार्यक्रमको सिलसिलामा २०५३ श्रावण २६ गते भू. पू. अध्यक्ष आनन्दराज शाक्य, भाद्र १ गते भिक्षु विशुद्धानन्द र भाद्र २२ गते भू. पू. अध्यक्ष धर्मबहादुर शाक्यबाट बुद्ध धर्म सम्बन्धि विभिन्न विषयहरूमा प्रवचनहरू भएका थिए भने अन्य शनिवारका दिनहरूमा



Downloaded from http://www.dhamma.digital

बुद्ध धर्म र अन्य समसामयिक विषयहरूमा आपसी छलफल कार्यक्रमहरू सम्पन्न भएका थिए। यसको अलावा Y. M. B. A. द्वारा संचालित अन्य गतिविधिहरूमा क्रमशः—

(क) तालिम संचालन– २०५३ भाद्र २ गते देखि १ महिने फेब्रिक प्रिन्टिङ्ग तालिम सम्पन्न भयो। उक्त तालिममा अनिता बज्राचार्यले प्रशिक्षण दिनु भएको थियो भने गीता शाक्य, थैना र यमुना शाक्यको संयोजकत्वमा संचालित उक्त तालिममा जम्मा २३ जना महिला सदस्यहरूको सहभागिता रहेको थियो।

(ख) कक्षा संचालन– २०५३ भाद्र ५ गते देखि Y. M. B. A. का नयाँ सदस्य युवाहरूलाई बुद्ध धर्मको प्रारम्भिक ज्ञान दिलाउन प्रारम्भिक बौद्ध शिक्षा कक्षा संचालन भयो। हालसम्म यस कक्षामा त्रिरत्न वन्दना, पञ्चशील विषयमा अमिता धाख्वा, गृहविनय विषयमा महेन्द्ररत्न शाक्य र प्रतित्य समुदत्पाद विषयमा बर्माका भिक्षु जतिलले कक्षा संचालन गरिसक्नु भएको छ र अन्य विषयहरूमा पनि कक्षाहरू संचालन हुँदै जाने यस कार्यक्रमको संयोजकद्वयमा सुरेश बज्राचार्य र नन्द शाक्य रहनु भएको छ।

(ग) स्वागत सत्कार समारोह– यस अन्तर्गत २०५३ भाद्र १३ गते जापानबाट नेपाल भ्रमणमा पाल्नु भएका मोरी गुचिको सम्मानमा र २०५३ भाद्र १८ गते बर्माबाट पाल्नु भएका भिक्षु तेजा बुद्धको सम्मानमा मण्डलको भवनमा अध्यक्ष सुचित्रमान शाक्यको सभापतित्वमा स्वागत कार्यक्रम सम्पन्न भयो। सो अवसरमा उहाँहरूले जापानमा बुद्ध धर्मको बिकास र ध्यान भावनाको महत्व र त्यसको अभ्यास गराउनु भएको थियो।

## धरानमा गुँला धर्म सम्पन्न

श्री स्वयम्भू चैत्य महाविहार धरान–१२ मा २०५३ श्रावण र भाद्र महिनाभित्र पर्ने गुँला धर्म एक महिनाभरि विहारका सम्पूर्ण उपासिकाहरू भेला भई दान, शील, भावना, धर्मश्रवण र धर्मदेशना आदि गरी दश पुण्य क्रिया गरी गुँला पारु सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार एक महिनासम्म पालैपालो गरी धर्मदेशना गर्नु हुनेहरू क्रमशः यस प्रकार हुनुहुन्थ्यो— गंगादेवी शाक्य, विजयालक्ष्मी शाक्य, मथुरा शाक्य, सुश्री विद्या शाक्य र अध्यक्ष देवीमाया शाक्य आदि।

उपोशथ व्रतको महत्वलाई दृष्टिगत गरी गुँला १ महिनाभरि अष्टशील पालन गर्ने उपासिकाहरू यसप्रकार थिए—अनुपमा शाक्य, रोहिना तुलाधर, गंगादेवी शाक्य, रत्नमाया शाक्य, गणेशकुमारी शाक्य र सुश्री बिद्या शाक्य आदि।

सुश्री बिद्या शाक्यज्यूको संयोजकत्वमा वृद्ध उपासिकाहरूलाई ४ समूहमा विभाजन गरी बुद्ध शिक्षाबारे हाजिर जवाफ प्रतियोगिता संचालन गरिएकोमा विजयी हुने प्रतियोगीहरू यसप्रकार थिए—

प्रथम– सुश्री गंगादेवी शाक्य, देवकी शाक्य र मथुरा शाक्य।

द्वितीय–श्रीमती कृष्णकुमारी शाक्य (चैनपुर), दिलकुमारी शाक्य र कर्ण शाक्य।

तृतीय– देवीमाया शाक्य, मुन्नु शाक्य र मैंया शाक्य।

चौथो– हीरामाया शाक्य, मैंया शाक्य र महालक्ष्मी ताम्राकार।

उक्त कार्यक्रममा हिमालय महायान देछिन छ्योलिङ गुम्बा धरान–१८ का सदस्य सुश्री असीना



Downloaded from http://www.dhamma.digital

तामाङ्ग र प्रनिता तामाङ्गको पनि उपस्थिती थियो । सम्पूर्ण उपासिकाहरूले अन्धा स्कूल तथा अनाथहरूलाई भोजन दान गरेका थिए ।

## गोष्ठी सम्पन्न

युवा बौद्ध संघ पोखराको नव–निर्वाचित कार्य समितिले यस वर्षको पहिलो कार्यक्रमको रूपमा भाद्र १५ गते "बुद्ध धर्मको विकास आजको आवश्यकता" विषयक एकदिने गोष्ठी भव्यताका साथ सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार विभिन्न विहार, गुम्बा, चैत्यसँग सम्बन्धित १५ वटा संस्थाका प्रतिनिधिहरू सहभागी रहेको सो गोष्ठी युवा बौद्ध संघका नव-निर्वाचित अध्यक्ष उत्तममान बुद्धाचार्य-को सभापतित्वमा संचालन भएको थियो। मुक्तीश्वर मल्लले संचालन गर्नुभएको उक्त गोष्ठीमा डा. गेहेन्द्रमान उदास पोखरेलीले कार्यक्रम पढेर सुनाउनु भएको थियो भने प्रकाशमान गुभाजु र मोहन गुरुङ्गले प्रस्तुत कार्य-पत्रका विभिन्न बूँदाहरूमा टिप्पणी गर्नुभएको थियो ।

## वृक्षारोपण कार्यक्रम

पोखरा—युवा बौद्ध संघ पोखराले भाद्र २९ गते शनिवार पोखरा उप–महानगर पालिका वडा नं. ३ स्थित नदीपुरमा वृक्षारोपण कार्यक्रमको आयोजना गरेको समाचार प्राप्त भएको छ । भिक्षु सुभद्र र भिक्षु श्रद्धानन्द द्वारा संयुक्त रूपमा शुभारम्भ गर्नुभएको सो कार्यक्रममा गुलमोहर, कल्की, राजवृक्ष र बोधिवृक्ष (पिपल) आदि जातका बिरुवाहरू रोपिएका थिए । सो कार्यक्रमका लागि tree guard उपलब्ध गराई सहयोग गर्नु हुने पोखरा उपमहानगर पालिकालाई, वृक्षारोपण कार्यमा सहयोग गर्नु हुने मैत्री चैत्यका प्रतिनिधि तथा अन्य सम्पूर्ण व्यक्ति हरूलाई वृक्षारोपण उपसमितिका संयोजक तथा युवा बौद्ध संघका उपाध्यक्ष प्रकाश उदासले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## सुनाकोठीमा बुद्ध शिक्षाको प्रशिक्षण

०५३ असोज १९, २० गते सुनाकोठी ललितपुर, सुनाकोठीमा बौद्ध उपासक उपासिकाहरूको बीच एकता-को भावना वृद्धि गर्ने, बुद्ध धर्म दर्शनबारे साधारण जानकारी हासिल गर्ने र बुद्ध धर्म जीवन पद्धति र व्यवहारिकता बारे जानकारी हासिल गर्ने आदि उद्देश्य राखी संचालन गरिएको दुई दिने प्रशिक्षण कार्यक्रममा जम्मा २०० जवान बौद्ध उपासक उपासिकाहरूले प्रशिक्षार्थीको रूपमा भाग लिएको समाचार छ ।

प्राप्त समाचार अनुसार भिक्षु कालुदायीले पानसमा बत्ति बाली उद्घाटन गरेको सो प्रशिक्षण कार्यक्रममा भिक्षु सुनन्द, अनगारिका कुसुम, सुश्री अमिता धाखवा, महेन्द्ररत्न शाक्य र शाक्य सुरेन आदिले प्रशिक्षकको रूपमा भाग लिनु भएको थियो । स्थानीय बौद्धहरूबाट ज्ञानमाला भजन गरी समाप्त गरिएको सो कार्यक्रमको संयोजक शाक्य सुरेन हुनुहुन्थ्यो ।

स्मरणीय छ, प्रशिक्षणमा भाग लिएका उपासक उपासिकाहरूको सहयोगबाट सुनाकोठीमा एक बौद्ध विहार निर्माण गर्ने लक्ष राखिएको छ ।

## मैत्री संघ पोखरा २०५३ तदर्थ समिति गठन

बि. सं. १९६० दशकमा नारायणस्थान (नदीपुर) पोखरा स्थित निर्मित मैत्री चैत्य तथा करुणामय जिर्ण भएकोले २०५२ सालमा पुनः निर्माण भएको थियो ।

मैत्री चैत्य तथा करुणामयलाई व्यवस्थित रूपमा संचालन गरी सद्धर्मको प्रचार प्रसार गर्न एक तदर्थ



Downloaded from http://www.dhamma.digital

समितिको गठन भएको छ । जसमा अध्यक्ष श्री विश्वरत्न शाक्य, उपाध्यक्ष श्री रन्जन बैद्य, सचिव श्री गोविन्द ताम्राकार, सहसचिव श्री निलकण्ठ उदास, कोषाध्यक्ष श्री श्याम शाक्य र कार्यकारिणी सदस्यहरूमा लोकमान ताम्राकार, दीपकलाल उदास, सुश्री सुनिता ताम्राकार, सुश्री हरीमाया गुरुङ्ग, रविन्द्र माक:जू र बखतबहादुर गुरुङ्ग छन् ।

संघको विधान विधिगत रूपमा दर्ता भएपछि निम्न उद्देश्य लिएर काम गर्ने छ :—

(क) मानव अन्तरमन भित्रका राग, द्वेष जनित विकारहरुको पहिचान गराई त्यसलाई निर्मूल पार्नेतर्फ अग्रसर गराउँदै शील, सदाचार युक्त जीवन यापनमा अभिप्रेरित गर्ने ।

(ख) उपरोक्त उद्देश्य पूर्तिका लागि विपश्यना ध्यान शिविरहरू संचालन गर्दै जाने ।

(ग) बि. सं. १९६० को दशकमा निर्मित तथा बि. सं. २०५२ मा पुनः निर्माण भएको करुणामय तथा मैत्री चैत्यको संरक्षण र सम्वर्धन गर्ने ।

(घ) बुद्ध शिक्षालाई परियत्ति र प्रतिपत्ति माध्यमद्वारा प्रचार प्रसार गर्ने र गराउन मद्दत गर्ने ।

(ङ) सामाजिक सेवाको माध्यमबाट समाजमा दया, मैत्री तथा करुणाभाव जागृत गराउने ।

(च) युवा शक्तिलाई सामाजिक सत्कार्यमा अभिमुख गराउने ।

(छ) सद्धर्मको सहि पहिचान गराउने ।

(ज) बुद्ध शिक्षा सम्बन्धी पुस्तक पत्रिकाहरू प्रकाशन गर्ने ।

## बिचाः हाय्का

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उप्पज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ।

जन्म दिं : १९८३–७–१८



मदुगु दिं : २०५३–७–१

दिवंगत उपासिका रत्नमाया नकर्मी
(धर्मकीर्ति पत्रिकाया विशेष सदस्य क्र. सं. २१२)

रत्नमाया नकर्मी २०५३ साल कार्तिक १ गते खुन्हु मदुगुलिं वय्कया पुण्य–स्मृतिस बिचाः हाय्का च्वना ।

— धर्मकीर्ति परिवार

Downloaded from http://www.dhamma.digital

बा. म. का. द. नं. – ७०/०४०/४१ म. क्ष. हु. नि. का. द. नं. – ६/०४२/०४३

## निक्वगु ज्ञानमाला राष्ट्रिय सम्मेलन थिलां जुइगु

महाचैत्य विहार, तानसेन पाल्पा । ज्ञानमाला महासंघ नेपाःया ग्वसाले ज्ञानमाला सभा तानसेन पाल्पां पाः काः कथं अनया व्यवस्थापनय् निक्वगु ज्ञानमाला राष्ट्रिय सम्मेलन थ्वहे थिलागा १०, ११ व १२ (पुस २१, २२ व २३) खुन्हु तःजिक तानसेन पाल्पाय् यायेगु क्वः छिउगु समाचार प्राप्त जूगु दु ।

प्राप्त जूगु समाचार कथं ज्ञा. म. सं. नेपाःया नायो भाजु शान्तरत्न शाक्यया मुंज्या नायोले च्वंगु मुंज्यां मवय् न्ह्यावना कथं सम्मेलन तालाकेत संघया नायोया अध्यक्षताय् सचिछ व न्ययुक्ष्मह्सिगु मूल समिति स्वंगु दु । थुगु समितिइ फुक्क ज्ञानमाला भजन खलःया नायोपिं दुजले ल्योगु दु । छिन्यागू थी थी उपसमिति व फुक्क उप–समितिया मू संयोजकय् प्रा. सुवर्ण शाक्ययात ल्यःगु दु ।

महाचैत्य विहार टक्सार टोल तानसेनय् जूगु उगु मुंज्याय् तानसेन नगरपालिकाया उप–मेयर भाजु दशरथमुनि शाक्य, ज्ञानमाला सभा, ज्ञानमाला संघ, युवा ज्ञानमाला संघ, महाचैत्य विहार महिला समिति, करुणा बौद्ध संघ, युवक बौद्ध मण्डल पाल्पाकथा खलःया नायोपिं नापं उपस्थित जूगु खः ।

क्वःछिउगु ज्याझ्वः थुकथं खः:—
(२०५३ पुस २१, २२, २३ गते)

१. थिलागा १० आइतवाः – बौद्ध स्वडोल्सोलन संघ माबीकपाखें सुथे ज्ञानमाला पाठ सहित सांस्कृतिक बाजं, बौद्ध सांस्कृतिक झाँकी नापं शान्तिपद यात्रा, न्हिने तानसेन टुंडिखेले सम्मेलनया उलेज्या, बन्द ज्याझ्वः तानसेन नगरपालिका भवने, तानसेन नगरया ग्वींदं (९०) पुले थुंकूपिं ज्याथ ज्याथिपिन्त हनेगु ।

२. थिलागा ११ सोमवाः – निगू ज्यापौ—१. थेरवाद बुद्ध धर्म विकासय् तानसेन पाल्पाया देन (तानसेन-पाखें), २. ज्ञानमाला भजनया इतिहास व बुद्ध धर्म संगीतपक्ष (येंपाखें) न्ह्यब्वयेगु व ज्ञानमाला खलःपिंपाखें पुचः खँल्हाबल्हा व प्रतिवेदन ।

३. थिलागा १२ मंगलवाः – श्रीनगर पारिलेक बने न्हू पलिस्था याःम्ह बुद्ध प्रतिमाय् बुद्ध–पूजा, दृश्यावलोकन । न्हिने बिदा समारोह व तानसेन घोषणा-पत्र अनुमोदन । स्वक्वगु ज्ञानमाला राष्ट्रिय सम्मेलन पाःया घोषणा । पुण्यानुमोदन ।

निक्वगु ज्ञानमाला राष्ट्रिय सम्मेलन तःजिक यायेगु ज्वलय् तानसेन नगरपालिका, तानसेन होटल लजपाखें फक्व चाश्व भावय् सहुलियत तथा तानसेन नगरे बौद्ध च्वांय् फयांफतले अप्वः ब्वयेकेगु अनयापिसं क्वछिउगु नापं नगर यचुपिचुकेगु धाःगु दु ।

ज्ञानमाला भजन खलः स्वयम्भू न्हापांगु ज्ञा. रा. स. यू ये सम्मेलनया लुमन्ति कथं महाया स्मारिका पिकायगु क्वःछिउगु दु ।

सम्मेलन स्मारिका पिथनेगु निंतिइ प्रा. सुवर्ण शाक्य नायो, शान्तरत्न छ्यान्जे, किरण कुमार बांमरि, शान्तकुमार चित्रकारपिं दुथ्यागु ज्यासना पुचः नीस्वंगु दु ।

## नगदेश बुद्ध विहारया निम्ह उपासकपिं मन्त

नगदेश बुद्ध विहारे "बुद्धया शीलामूर्ति" व बुद्ध धीथमौलिसे स्वापु दुगु थ्वंगु धामया प्रतिक स्थापना याय्गु ज्याय् आवश्यक ग्वसुलाःगु गुहाली बियाद्पूम्ह नगदेश बौद्ध समूहया संस्थापक दुजः भाजु पंचलाल चादेसुमा ने. सं. १११६ थलाथ्व १३ बुधवाः खुन्हु दिहावसान जूगु समाचार दु । वय्‌कलं पुखुसी स्थाले "बुद्धया धर्मधातु चैत्य" नं प्रतिस्था यानादीगु दु ।

अथे हे नगदेश बौद्ध समूहया जः उपासक भाजु आशानानि खिचाजु नं ने. सं. १११६ थलाथ्व ८ कायेअष्टमी खुन्हु मदुगु नं समाचार प्राप्त जूगु दु । उकें नगदेश बुद्ध विहारे नगदेश बौद्ध समूह व नगदेश ज्ञानमाला भजन खलःया धर्मपासापिं मुनाः वय्‌कःपिनिगु गुणानुस्मरण यानादीगु समाचार प्राप्त जूगु दु ।

मुद्रक – नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल । फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital